जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com

वर्ष -१६, अंक- १५, २०८० साल मंसिर ५ गते मंगलबार(Nov 21, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

# मंसिर ७ गतेले कस्तो रुप लेला ?




**काठमाडौं–** यहि ७ गते काठमाडौमा बैकाको ऋण पीडित दुर्गा प्रसाइँ नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान समुहले प्रदर्शन गर्ने भनेर ३ महिना अगाडी देखि अग्रीम घोषणा नै गरेर सार्वजानिक गरिसकेको छ । त्यसपछि पुनः एमाले समर्थित राष्ट्रिय युवा संघले पनि सोही दिन प्रर्दशन गर्ने सार्वजनिक गरेको छ ।

यसरी दुपक्षिय एक-अर्को समुहले कार्यक्रम फिर्ता लिने कुनै संकेत गरेकाछैनन् । त्यसमा पनि दुर्व कार्यक्रम घोषणा गर्ने समुहले एकले अर्कोलाई उत्तेजित पार्ने खालका अभिव्याक्ति पनि दिईरहेकाछन् । उनिहरुको अभिव्याक्तिलाई आधार मान्दा हजारौको संख्यामा मानिसहरु उपस्थिति हुने भन्ने छ । यस्तो भीडमा दुईपक्षिय दंगा फैलियो भने सर्वसाधारण वा प्रदर्शनमा भाग लिएका नागरिकहरुको जीवन नै जोखिममा पनि पर्नसक्छन् । कतिपयले विगतमा माओवादी र त्यतिवेलाको जन अधिकार फोरम उपेन्द्र यादव समुहले रौतहटमा गरेको एकैदिन कार्यक्रम जुदाएर २७ जना मानिसहरुलाई बिभत्स हत्या गरेको घटना दोहोरिन सक्ने भनेर मानिव अधिकार, सम्बन्धित निकायका विज्ञहरुले चिन्ता व्याक्त गरिरहेकाछन् ।

अर्कोतिर कोभिड १९ को सन्त्रास पछि ओरालो लागेको अर्थतन्त्र संकुचनमा नै छ । व्यापार, व्यवसाय चौपट भईरहेको वेला र दशै, तिहार, नेपा सम्वत, छठ लगायत चाडवाडमा समेत खासै व्यापार, व्यवसायले गति लिन नसकेर छठपटाएका उद्योगी, ब्यापारीहरुलाई अव फेरी के हुने हो भन्ने चिन्ताले सताएको छ । त्यो दिनको आन्दोलनले कस्तो रुप लिने हो । यसै भन्न सकिने अवस्था छैन ।

हुनत प्रशासनले यस बिषयमा विगतका घटना अवस्था हेरेर निर्णय गर्ला नै तर सम्भावित दुघटना नहोला भन्न सकिन्न त्यसकारण नेपाल सरकारले वेलैमा सवेदनशील भएर प्रर्दशनमा उत्रने दुवै समुहलाई भेट हुन नदिने गरी कार्यक्रमस्थल व्यवस्थापन गर्नुपर्छ । मानवीय क्षति पुग्नु हुदैन । लोकतान्त्रिक मुल्य मान्यतामा चलेको व्यवस्थामा कुनै पनि नागरिकहरुले आफ्ना माग, मुद्दा उठाउदा ज्यानै जाने काम हुनुहुदैन । त्यो हत्तियार लिएर आउने वाहेकका नागरिकहरुको हकमा संविधानले पनि त्यहि कुरालाई व्यवस्था गरेको छ ।

मात्र दुईदिन बाकी रहेको छ । ७ गते के हुने हो भनेर मानिसहरु आज नै देखि सर्तक भएर कार्यालय जाने नजाने दाधारमा देखिन्छन् । स्कुल, कलेजका आफ्ना छोराछोरीलाई पठाउने कि नपठाउने भन्ने चिन्ता पनि थालिएको छ ।

त्यसैले यसै भन्न सकिने अवस्था छैन । नागरिकहरुमा सन्त्रासमै छन् ।

# ४ दिनमा एक अर्ब ३२ करोडको सुन बिक्री

**काठमाडौं–** तिहारको ४ दिनमा एक अर्ब ३२ करोड रुपैयाँ बराबरको सुनको कारोबार भएको व्यवसायीहरुले बताएका छन् ।

मंसिरको बिहेको लगन तथा धनतेरस पर्वमा सुनको कारोबारमा उल्लेख्य सुधार भएको नेपाल सुन चाँदी व्यवसायी महासंघले जनाएको छ । महासंघका अध्यक्ष मणिकरत्न शाक्यले तिहारको ४ दिनमा १३५ किलो सुन बिक्री भएको बताए । जसको बजार मूल्य एक अर्ब ३२ करोड ७९ लाख ९५ हजार रुपैयाँ बराबर हुन्छ ।



अध्यक्ष शाक्यकाअनुसार तिहारको ४ दिन औषत ३५ किलोका दरले छापावल सुनको बिक्री भएको थियो । यस्तै धन्तेरसको दिन भने एकै दिन ५० किलो सुन बिक्री भएको अध्यक्ष शाक्यले बताए । 'हामीले देशभरको तथ्याङ्क लिएका छौं, तिहारभरको ४ दिनमा कुल १३५ किलो सुन बिक्रि भएको भन्ने छ,' अध्यक्ष शाक्यले भने, 'जसको मूल्य एक अर्ब ३२ करोड ७९ लाख रुपैयाँ बराबर पर्छ ।'

धनतेरसका दिन सुन बिक्री मूल्य एक लाख १४ हजार ७ सय रुपैयाँ थियो । बजारमा यस अघि बिक्री नभएर बैंकहरुमा रहेको सुन तिहारमा खपत भएको महासंघले जनाएको छ । सरकारले अहिले दैनिक २० किलो सुन आयात गर्न अनुमति दिएको छ ।

मंसिरमा के हुन्छ मूल्य रु बिबाहको लगनको महिना मंसिर सुरु भएसंगै बजारमा सुन चाँदीको कारोबारबारे » बाकी ६ पृष्ठमा

# पूर्वराजा ज्ञानेन्द्र शाह मंसिर ९ गते झापा जाने



**काठमाडौं–** पूर्वराजा ज्ञानेन्द्र शाह मंसिर ९ गते झापा जाने भएका छन् । पूर्वराजा शाह विर्तामोड नगरपालिका १ मा रहेको इष्टर्न इम्पाएर कलेज अफ होटल म्यानेजमेन्ट कलेजको निमन्त्रणामा झापा जाने भएका हुन् ।

सोही दिन उनले कलेज प्रांगणमा पृथ्वीनारायण शाहको पूर्णकदको सालिक अनावरण गर्ने कार्यक्रम रहेको शाहका संवाद सचिव फणिराज पाठकले शनिवार सूचना जारी गरी जानकारी दिएका छन् ।

# ४६ औं इफाप्का सम्मेलनको तयारी पूरा, राष्ट्रपतिबाट मंसिर ६ मा सम्मेलनको उद्घाटन



काठमाडौं- काठमाडौंमा यसै सातादेखि शुरु हुने एशियाली तथा पश्चिम प्रशान्त क्षेत्रका १८ मुलुकका निर्माण व्यवसायीहरूको छाता संस्था इफाप्काको ४६ औं अन्तर्राष्ट्रिय सम्मेलनको तयारी पूरा भएको छ ।

इफाप्का अध्यक्ष समेत रहेका नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले शुक्रवार आयोजित पत्रकार सम्मेलन मार्फत् ४६ औं इफाप्काको तयारी पूरा भएको जानकारी दिएका हुन् ।

दिगो पूर्वाधारमा साझेदारी भन्ने नारा सहित यही मंसिर ५ गतेदेखि शुरु हुने सम्मलेन ९ गतेसम्म चल्नेछ । सम्मेलनको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नु हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो । त्यस्तै इफाप्का फोरमको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहालबाट हुने महासंघले जनाएको छ ।

सम्मेलनमा विदेशका २ सय ४२ सहित ५ सय भन्दा बढीको सहभागिता रहने महासंघ अध्यक्ष सिंहले जानकारी दिए ।


सम्मेलनमा सहभागी हुनका लागि विदेशी प्रतिनिधिहरू काठमाडौं आउने क्रम शुरु भइसकेको पनि उनले जानकारी दिए । हाल समग्र विश्व नै आर्थिक मन्दीबाट गुज्रिरहेको र त्यसबाट नेपाल पनि अछुतो नरहेको वर्तमान अवस्थामा मुलुकको भौतिक पूर्वाधारको विकासमा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन ४६ औं इफाप्का सम्मेलन महत्वपूर्ण हुने उनको भनाइ थियो ।

जलवायु परिवर्तनको मुद्दा जोडदारसँग उठाउन र बाह्य पर्यटनको विस्तारका लागि समेत यो सम्मेलन फलदायी हुने उनले जानकारी दिए ।

सम्मेलनका कार्यक्रमहरू सार्वजनिक गर्दै अध्यक्ष सिंहले काठमाडौं घोषणापत्रसँगै मंसिर ८ मा सम्मेलन समापनको औपचारिक घोषणा गरिने बताए ।

सम्मेलनमा सहभागी हुने प्रतिनिधिहरूका लागि रजिष्ट्रेशन मिति : मंसिर ४,५ र ६ गते तोकिएको छ । ५ गते नै फाइनान्स कमिटी मिटिङ, प्रेसिडेन्सियल कनक्लेभ र एक्जिक्यूटिभ बोर्ड मिटिङ आयोजना गरिनेछ । मंसिर ६ मा जनरल एसेम्बली सहित विभिन्न कमिटीहरूको बैठक आयोजना हुनेछ ।

यसै दिन सम्मेलनका केही सहभागीहरू वसन्तपुर र स्वयम्भूको अवलोकन भ्रमणमा जाने र दोस्रो एक्जिक्यूटिभ बोर्ड मिटिङ र इमर्जिङ योङ » बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १५, २०८० साल मंसिर ५ गते मंगलबार (Nov 21, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### भुकम्प पीडितलाई न्यानो कवडाको व्यावस्थापन चाडो गरौ ।

कार्तिक १७ गते राति गएको जाजरकोट केन्द्रबिन्दु भएको भुकम्पले १५० भन्दा बढीको ज्यान लिएको छ । भने सयौको संख्यामा  घाइते अवस्थामा उपचारर तछन् । सुत्केरी, बालबच्चा, बृद्धाबृद्धाहरुलाई चिसोमा समयमा न्यानो आवश्यक पर्छ । तर अस्थाई पालमुनि यो सवै सम्भव हुदैन । न्यसैले न्याने कबडा ति अस्थाई शिविरहरुमा रहेका विशेष गरेर स–सना नानीहरुलाई, बृद्धाबृद्धाहरुलाई, सुत्केरीहरुलाई बढ्दै गएको जाडो मौषममा न्यानो कपडा व्यवस्थापन गरी समयमा नै ध्यान पुर्‍याऔ ।

सके सवैलाई त्यति पनि सकिदैन भने विशेष गरेर अति पिडित बिपन्न भुकम्पवाट प्रवाभितहरुलाई गास, बास, कपासको व्यवस्थापन गरौ ।

नेपालका मंसिरवाट नै जाडोको मौषम शुरु हुने हुदा पुष, माघ झनै अत्याधिक जाडो हुने तापक्रम कम हुने महिनाहरु हुन् । व्यवस्थित घरहरुमा त यि चिसा महिनाहरुमा बृद्धाबृद्धा, नानीबाबुहरुलाई रुघा, खोकी, निमुनिया जस्ता समस्याले सताउने गर्छ भने त्यस खुल्ला शिविरमा झनै सितको तप्कना, तुसारोले समस्या पार्न सक्छ । त्यसकारण नेपाललमा झण्डै ७ हजारको हाराहारीमा दर्ता भएर हरेका सामाजिक संघ, संस्था, नेपाल सरकारका सम्बन्धित निकाय, स्थानीय रुपमा रहेका वा त्यसै भुकम्प पिडिट शिविरमै रहेका तर आर्थिक रुपमा अरुभन्दा व्यवस्थित भएका छोराछोरी कतै जागिर भएका आयस्रोतले सम्पन्न भएकाहरुले पनि मानवीय दाईत्ववोध गरी ति अपाङ, सुत्केरी,  बालबच्चा, बृद्धाबृद्धाहरुको सेवामा लाग्नुपर्छ ।

केन्द्रलाई भन्दा स्थानीय तहलाई  बढी त्यहाको बस्तुस्थिति अपडेट भईरहने हुदा त्यहाकै स्थानीय तहका जनप्रतिनिधि, सघ,संस्थाहरुको बढी सक्रीयता रहनुपर्ने हुन्छ । हुनत दैनिक रुपमा आएका समाचार सुन्दा स्थानीय तहहरु सम्बन्धित निकायहरु सक्रीय नै भईरहेको र भुकम्प पीडितहरुको व्यवस्थापनमा सम्बन्धित निकायहरु लागि नै रहेको पाईएको छ । यस्तो वेला कुनै पनि  राजनीतिक पार्टीहरुले पीडामा परेका नागरिको भावनामाथि खेलवाड गर्नुहुदैन । र पीडितहरुले पनि राजनीतिक आस्था राखेर असल कर्म गरिरहेका पार्टी, संघ, संस्थाहरुलाई राजनीतिक फाईदा हेरेर आक्षेप लगाउने पार्टीका कुरा सुन्ने जस्ता जिम्मेवार बिहिन हुनुहुदैन ।

पीडितहरुलाई  प्रभावित पार्नेगरी नकरात्मक प्रवाहहरु विशेष गरेर आम सञ्चारका माध्यमहरुले त्यस्ता कार्य गर्न हुदैन । भने सामाजिक सञ्जालमा नागरिकहरुले भुकम्प पीडितहरुलाई मानसिक रुपमा असर पुग्ने खालका पोष्टहरु पोष्ट्याउन हुदैन ।

यस्तो वेलामा आत्मवल बढ्ने खालका र समस्या आएका ठाउमा सम्बन्धित निकायलाई जानकारी गराई आ–आृनो क्षेत्रवाट के योगदान गर्न सकिन्छ । त्यो योगदान गरेर मानवीय सवेदनशीलतालाई प्रथामिकतामा राख्नु हामी सवै नेपालीहरुको र्कत्व्य हो । आजभोली जाजरकोट, रुकुममा परेको प्राकृतिक र्दुघटना पर्सी अन्तै कतै पर्न सक्छ । त्यसकारण मानवहरुलाई पर्ने  समस्या मानवले बुझेर सहयोग, समन्वय गर्ने हो । अृठ्यारोवाट सहजता तर्फ डोर्‍याउने काम गरेर पुनः निर्माणमा सहयोग गर्नु नै हामी नेपालीहरुको  कर्तव्य हो । यस्ता पवित्र काम ढिलो नगरी चाडौ गरौ ।

# अहिलेसम्म किन बनेन देश ?



अच्युतप्रसाद पौडेल ...चिन्तन

देशको नेतृत्वले भरखरै संयुक्त राष्ट्र संघका महासचिवसँग कुम जोड्दै आफ्नो पक्षमा समर्थन जुटाउन प्रयास गरेको छ । दशैंमा प्रतिदिन ५ सय मेघावाट बत्ती खेर गएको छ । देश ऋणमा चुर्लुम्म डुबेको छ, ऋणको भारी बोकेर संघीयता पाल्नुपरेको छ । जनता कर र महँगीमा पिल्सिएका छन्, निसास्सिएका छन् । नेताहरु विदशीहरुसँग कुम जोड्दै हिँड्न थालेका छन् । कसैलाई त हर्ट एट्याक् भएर विदशतिरै अस्पताल भर्ना हुनुपरेको हो, यहाँका नेता एयर एम्बुलेन्सबाट विदेश जान्छन्, जनताको उठिबास छ । दशैंजस्तो महान् चाडमा कतै खुशी देखिएन । शुभकामनाका शब्दले पेट भरिएन । आयस्रोत छैन, उपभोक्ताहरुले उपभोक्ता हकको प्रयोग गर्न पाएनन्, सामान पाइएन, लाइन बस्दा पकेट काटियो, भएको दुई-चार हजार पनि उड्यो । रोजगारीको अभावमा विजयादशमी भनिरहँदा एयरपोर्टमा विदेशिनेको लर्को देखियो । विश्व ज्ञान सम्मेलन गर्न तम्सिएका एनआरएनहरुको चुनावी लफडा, राजनीतिकर्मी र एनआरएनका बीच भएको दोहोरी प्रतियोगिता पनि छर्लंग हेरियो । यो देशमा कोही खुशी भएन, राजनीतिकर्मीहरुबाहेक ।

तीन दशक पार लाग्दा पनि मेलम्ची उठेन, केवल उद्घाटनका लागि मात्र आयो । अब काठमाडौंमा रोपिएका ठूला पाइपहरु कुहिने छन् र बालेनको डोजरले कपन खोला खोलेझैँ खोल्नुपर्नेछ । नेताहरुले ५१ सालको चुनावी घोषणापत्रमा रासायनिक मल कारखाना खोल्ने भने, अहिले पनि किसानले मल पाएका छैनन् । चिनी पनि तिहार सकिएको केही महिनापछि मात्रै एकाधरुपमा आइहाल्यो भने अचम्म मान्नुपरोइन । एक दशक समय नै काफी छ, हामीलाई नेतृत्व दिनुस्, देशलाई सिंगापुर, स्वीट्जरल्यान्ड बनाइदिन्छौं भनियो, पत्याइयो पनि तर ३ दशक नाघेको छ, देश भेनेजुयला, युक्रेन, हाइटी, सोमालिया, सुडानभन्दा तल खस्किएको छ । दक्षिण अफ्रिकाको गरिब देश सुडान, अस्ट्रेलियन महादेशको पपुवान्युगिनी, युरोपको युक्रेन, उत्तर अमेरिकाको हाइटी, दक्षिण अमेरिकाको भेनेजुयला र एसियाको नेपाल भन्दै गरिबीमा कीर्तिमानी भन्दै आइएमएफले भर्खरै रिपोर्ट सार्वजनिक गरेको छ, विदेशीले छरेको डलर बालुवामा मिलेको छ ।

काम सुको नगर्ने तर गफ लाखकै गरिदिने, करोडको घडी, लाखका जुत्ता, संसारकै बढी सुरक्षाको जत्था लिएर सरकारी आवासमा रमाउने, भूपूहरुलाई सरकारले ज्वाइँभन्दा बढी गरेर पाल्नुपर्ने, उब्जा भूमिलाई बिचौलियाको प्रयोग गराएर डोजर कुदाउने, उत्पादनको अभावमा विदेशीले चामलको कोटा तोकिदिनुपर्ने, हरेक चाडबाड आउँदा तमाम सामान अरुले दिनुपर्ने, आन्तरिक ऋण र बाह्य ऋणले देश किचिनुपर्ने, एक बच्चा जन्मिदै असी हजार ऋणमा पर्नुपर्ने, जग्गा नामसारी गर्दा बिक्रीसरहको मोल सरकारलाई बुझाउनुपर्ने, जनता टिकी-बसिसक्न् नभएर पासपोर्ट बनाउँदै बाहिरिनुपर्ने, बाहिरिँदा पनि छुट्टै कर उठाइने, आयातीत इन्धनको परलभन्दा दोब्बर भाउमा इन्धनको बिक्री गरिने, संसारमै कहीं नभएको ग्यास अत्यावश्यक वस्तुमा भ्याट लगाइदिने अचाक्ली र असह्य पीडा आम जनतालाई खपिनसक्नु भएको छ ।

देश बनाउन जिम्मा लिएका नेताहरु धनी देशका ठूला नेताहरुसँग समकक्षी भन्दै, कुम जोड्दै, फोटो खिचाउँदै हिँड्ने, करोडौं बजेट लिएर विदेश शयर गर्ने अमेरिकी वाइडेनसँग कुम जोड्ने, चीनका सीसँग कुम जोड्ने, भारतका मोदीसँग कुम जोड्ने, राष्ट्रसंघ भन्दै संसद् स्थगन रोकेर सम्बोधन गराउने तर आफ्नो देशको स्तर कहाँ पुगेको छ, विश्लेषण नगर्ने, केवल बनावटी फोटो खिच्न लालायित नेताज्यूहरुलाई के भन्ने ? शिक्षा, स्वास्थ्यलगायतका निजामती राष्ट्रसेवकहरुसमेत सडकमा छन्, चिकित्सक पिटिएका छन्, धर्ना र जुलुसले शहर ढाकेको छ, कुनै पेसाकर्र्मीहरु खुशी नभई सडकमै पोखिएका छन्, प्रशासनयन्त्र निष्क्रिय छ, न शिक्षा विधेयक आयो, न निजामती सेवा विधेयक, केवल पैसा उठाउने आर्थिक विधेयक पास हुन्छ देशमा । हतारिएर नागरिकता विधेयक र एमसीसी पास गर्ने अनि अपराधी करार गरी कैद भुक्तान नसकिएको अपराधीलाई कानुनको छिद्र खोज्दै आममाफी दिलाउने, आममाफीको २५ दिन नपुग्दै अपराधीले अर्को मान्छे काट्ने वातावरण तय गर्ने हाम्रो नेतृत्व गजबको छ । पूर्वमा फैलिएको हिंसा पश्चिमसम्म फैलिएको छ । निषेधाज्ञा जारी गराई स्थिति नियन्त्रणमा लिनुपरेको छ भने कोशी प्रदेशमा संघीयताको नांगो रुप प्रस्तुत भइसकेपछि लाजै नमानी दुई तिहाइ थोपर्ने, केन्द्रमा दुई तिहाइ हुँदा श्राप र कुकर्मको पोको खुलेको आम नेपालीले नबिर्सँदै कोशीमा अर्को रुप प्रस्तुत भएको छ भने यति सानो देशलाई ७ प्रदेशमा चिरा पारिएको छ र जनतालाई नेता पाल्न हम्मेहम्मे परेको छ । ललितपुरको भैँसेपाटीलाई तिनको आवासीय केन्द्र बनाइएको छ ।

बझाङको भूकम्पमा परेका पुराना थोत्रा घरहरुलाई थप चिरा-चिरा पार्न नेताहरुको हेलिकोप्टरको आवाज घन्केको छ । हिमालपारिको मुस्ताङमा केही वर्षसम्म लामखुट्टे, झिँगा देखिँदैनथ्यो, अब डेंगुमात्रै पुगेको छैन त्यहाँ पानी नै नपर्ने क्षेत्रमा बाढी-पहिरोले सताएको छ । मुस्ताङ्गी राजाहरुले त्यहाँको स्थानीय समस्या आफैँ हल गरिदिन्थे, अहिले हेलिकोप्टरबाट काठमाडौँका राजाहरु गएर हवाई निरीक्षण, लोमान्थाङ सडक स्तरोन्नति, भत्केका संरचनाका लागि ५० करोड दान, चन्दा दिने घोषणा गरिएको छ । देश विश्व व्यापार संगठन, साफ्टा, बिम्स्टेकको सदस्यता लिई निर्यातका ढोका खुबै खोलिएको भनिरहँदा २२ खर्बको व्यापारघाटा, आयात बढी निर्यात शून्य भएको अवस्थामा मुस्ताङको कोरोला नाका विस्तार भनिएको छ । वर्षौंसम्म तातोपानी नाका बन्द हुँदा उत्तरतिरको व्यापार ठप्प भएको र हाल खुल्दा पनि आयातबाहेक निर्यात शून्य भएको छ । तातोपानी भन्सारले विगतमा कमाएको राजस्व त्यहाँका व्यापारीले दिएको रोजगारी र अर्थतन्त्रमा पारेको सकारात्मक प्रवाह अहिले छैन । भएको साख पूरै गुमिसकेको छ, पुराना संरचना भत्काइएको छ, नयाँ संरचनाहरुले काम देखाउन, गर्न सकेका छैनन् । सबैजसो संरचनाहरुलाई राजनीतिक भर्ती केन्द्र गराइएको छ । देश बिग्रने र नेता सप्रने भएको छ हाम्रो भूमि ।

आफ्नो भूमिलाई हामी रणक्षेत्र बनाउँछौं, युक्रेनतिर भोट हाल्छौं । इजरायली र गाजाक्षेत्रलाई वार्ताबाट समस्या समाधान निकाल्ने भन्दै अर्ति-उपदेश दिन्छौं, युद्ध हुँदा भर्त्सना पनि गर्छौं । अमेरिकी वाइडेन इजरायल पुग्छन्, बेलायती ऋषि सुनक पनि त्यतै पुग्छन् । हाम्राको उद्धार गरिदेऊ भन्छौं दिल्लीलाई, उसैले हाम्रालाई ल्याइदिन्छ, गड्डाचौकी भएर इजरायल पुगेको नेपाली यहाँ आउँछ । महाकालीको चुच्चे नक्सा हेर्ने हामीलाई फुर्सद हुन्न । त्यतैकी निर्मलाको न्याय कता पुग्छ, रुकुममा नरसंहार, कोशीतिरको लफडा, बाँकेमा गोली चल्नु हामीलाई सामान्य लाग्छ र सुशासनका नाममा हामी केही फाइल खोल्छौं । फाइलमा आफ्नो तस्वीर आउन थालेपछि फाइलमा टेप टाँसिदिन्छौं । वाइड बडी, ललिता निवास, यती, ओम्नी, भूटानी शरणार्थी, गोकर्ण रिसोर्ट हाई-हाई गरी निदाउँछन् । चुरे संरक्षण भन्दै त्यहाँको बालुवा-गिट्टी निकासीका लागि आर्थिक विधेयक बजेटमै हाल्छौं । लगानी आएको छैन, एनआरएनलाई नागरिकता दिँदा जुँगा मुसाछौं । संविधानमा समाजवाद भन्छौं, व्यवहारमा व्यक्तिवाद, कमाउवाद गर्छौं ।

चाडबाड भड्किला भएका छन् । पार्टी प्यालेस नभई तीज पूरा नहुने, मसला आयात नभई तिहार नजाने, मासु आयात नगरी दशैं नजाने, चामल आयात नगरी असार-मंसिर भनौं कुनै दिन पास नहुने । जीउको जनै, भनौं नाना, छाना, खाना सबै परदेशीको हुनुपर्ने, आलिसान महलमा दिन बित्नुपर्ने, घाँटी नहेरी हाड निल्ने, वर्षैभरि व्यक्ति, समाज र देश ऋणमा पर्नुपर्ने अचम्मको शिक्षा पनि हामीले प्राप्त गरेका छौं । हाम्रो संस्कार, धर्म, रीति, परम्परा, भेषभूषा, भाषा, भूगोलमा माया नभई सबै नक्कली र आयातीत चित्र हेरिरहनुपर्दा अबको एक दशकमा नेपाली यहाँ कोही नहुने देखिँदै छ । अहिले होइन, धेरै पहिलेदेखि नै विदेशीले यहाँ फूलबारी बनाए, क्रीडास्थल बनाए । खाद्य सुरक्षा भन्दै अरु देशले खाद्यान्न निर्यातमा रोक लगाइसकेको अवस्थामा संसारलाई खाद्यान्न उपलब्ध गराउँदै आएको दक्षिणी मित्रले चामलको भन्सार मोल बढायो, यहाँ महँगी भयो, निकासी नै बन्द गरिदियो, यहाँ अभाव भयो । अहिले केही देशलाई कोटा खोल्ने क्रममा ९५ हजार टन चामल यता पठाउने भनिरहँदा त्यो कोटाले हामीलाई पुग्ने, अपुग भए के गर्ने भन्ने विकल्प हामीसँग भएन ।

राजस्व बढेको देखिए पनि ५२ वर्षयताकै कम राजस्व उठ्ने गतिमा छ । सार्वजनिक वित्त ४६ अर्बले घाटामा छ । अन्यत्र प्रयोग नहुने चाडबाडमा मात्रै बत्ती आपूर्ति बन्द नहुने भनिएको छ, अरु बेला बत्ती काटिँदा यन्त्र-उपकरणहरु बिग्रिएको अवस्था छ । ३ दशक बढी समयदेखि दलहरुको पासमा परेको कुरुप काठमाडौँको अनुहार बदल्न बालेन आउनुपरेको छ र गीति शैलीमा जताततै उनको हाईहाई भएको अवस्था छ । काकाकुल काठमाडौँले अझै पानी पाएको छैन र देशभरिका ६ हजार बढी नदीनालाको पानी खेर गएको छ । विद्युत्को सवा सय वर्षको इतिहासमा उत्पादन ३ हजार, त्यो पनि आधा निजीक्षेत्रबाटै उत्पादन पुर्‍याउन सकिएको छैन । यसको मूल्य विश्वकै महँगो छ । घरायसी प्रयोगमा सेवाशुल्क भनेर छुट्टै रकम असुलिएको छ । उद्योग-कलकारखाना ठप्पप्रायः छन् । भएका उद्यमी व्यवसायीहरुलाई राजनीतितिर लोभ्याइएको छ । कृषिप्रधान भनिएको देशको जीडीपीमा योगदान २२-२३ प्रतिशततिर झरेको छ । देशमा बेरुजुको चाङ छ । अख्तियारमा मुद्दाको संख्या बढेको छ । समाजमा एक किसिमको चरम निराशा छ । सरकारी कर्मचारीहरु नै सडकमा ओर्लिएका छन् ।

छिमेकीले १४० देशलाई खाद्यान्न निकासी गर्न कसरी सक्यो होला, दिल्ली, पन्जावमा धारा-बत्ती निःशुल्क गर्न कसरी सक्यो होला र संसारलाई चकित पार्दै चन्द्रयान ३ ले दक्षिणी चन्द्रमामा कसरी पुग्यो होला ? त्यत्रा जनसंख्या २५ करोड जनतामा एउटा प्रदेश भए पनि पुग्ने किन होला ? सिस्टमले काम गरेका देशहरुको नाममा हामीलाई लिन किन आउँदैन, कहिल्यै पराधीन स्वीकार नगरेका हाम्रा लागि यति ठूलो दुर्दशा किन आएको होला, कसले विश्लेषण गर्ने त अब ? के चुनाव हुन मात्रै लोकतन्त्र हो र ? संरचना भत्काएर आफ्ना मान्छेलाई ढुकुटी दिनु नै लोकतन्त्र हो र ? बोल्न दिने बाँकी केही नदिने ? शिक्षामा व्यापार, स्वास्थ्यमा व्यापार किन होला ? मेडिकलकर्मीहरुले सामूहिक राजीनामा, बिमा बोर्डकाले सामूहिक राजीनामा किन होला ? अस्पतालकर्मीहरुलाई पैसा पुगेन भनेर किन हटाइयो होला ? त्यसको सट्टा भैँसेपाटीका आलिसान महल किन ? काम नभएका प्रदेशहरु किन ? अनगिन्ती संवैधानिक आयोगहरु किन ? आलिसान महल, सुरक्षा अनि उपचार खर्चमा कटौती किन भएन ? उपल्लो नेता भनिएकाहरुले कति बजेट लिएका छन्, तिनको उपलब्धि के भयो त ? जनताले जान्नुपर्छ कि पर्दैन होला त ? यावत् कुरामा चुकेकाले देश बन्न सकेन ।


# जनताका कामलाई प्राथमिकता दिएर सेवा गर्न प्रधानमन्त्री 'प्रचण्ड'को निर्देशन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताका कामलाई प्राथमिकता दिएर सेवा गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । रुकुम पूर्व पुगेका प्रधानमन्त्री प्रचण्डले सो जिल्लाका कार्यालय प्रमुखहरुसँगको भेटमा जनताको कामलाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिनुभएको उनको सचिवालयले जनाएको छ ।

कार्यालय प्रमुखहरुसँगको भेटमा प्रधानमन्त्रीले जनताको काममा कुनै ढिलाइ नगर्न तथा सुशासनलाई विशेष ध्यान दिन निर्देशन दिए । प्रधानमन्त्रीले सरकारले देशमा सुशासन, सामाजिक न्याय र सम्वृद्धिका लागि अघि बढेको जनाउँदै त्यसमा साथ दिन आग्रह गरे । रुकुम पूर्वका विभिन्न कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड आज त्यहाँ पुगेका हुन् ।



# उदाउँदो सूर्यलाई अँघ दिँदै छठ पर्व सम्पन्न



**जलेश्वर–** महोत्तरीलगायत सम्पूर्ण मिथिलाञ्चलमा आज बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै छठ पर्व सम्पन्न भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन आज बिहान तराईको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत मिथिलाञ्चलभरिको जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पन गर्दै धुमधामका साथ छठ पर्व सम्पन्न भएको छ ।

छठ पर्व महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत अन्य सहरी एवं ग्रामीण क्षेत्रमा रहेको विभिन्न पोखरी, तलाउ तथा जिल्लाको प्रसिद्ध नदी बिग्ही, रातो मरहा, जंगहा, अंकुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाइएको छ ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभुति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ। सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलोदिन शुक्रबार व्रतीले नहा खा अर्थात् नुहाएर खाने अर्थात् जीउ चोख्याउने काम गरेका थिए । त्यस्तै पर्वको दोस्रो दिन शनिबार खर्ना मनाएका थिए । खर्नाका दिन व्रतीहरुले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गरेका थिए र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाएका थिए ।

त्यस्तै षष्ठीका दिन अर्थात् आइतबार साँझ गहुँ र चामल ओखल जाँतो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पिठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुगेका थिए ।

षष्ठीका दिन हिजो आइतबार साँझ व्रतीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी अर्घ्य अर्पण गरेका थिए ।

त्यस्तै छठ पर्वको चौथो दिन अर्थात् आज एकाबिहानै पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रातःकालीन उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्व सम्पन्न गरेका छन् । महाभारतका अनुसार द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डव मिथिलाको किराँत राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ । धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावको रुपमा समेत विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमले पनि मनाउने गर्छन् ।

# चिसोका कारण भूकम्पपीडितको मृत्यु

**जाजरकोट–** अत्यधिक चिसोका कारण नलगाड नगरपालिका-८ टापुकी ७० बर्षीया विष्णुकमारी खत्रीको मृत्यु भएको छ । भूकम्पमा परी घाइते भइ स्थानीय मेडिकलमा उपचार गराइरहेकी खत्रीको आज विहान मृत्यु भएको हो । उनी हाल त्रिपासको साहरामा बस्दै आएकी थिइन् । आज विहान खत्रीलाई उपचारका लागि लैजाने तयारी गर्दैगर्दा मृत्यु भएको वडा अध्यक्ष तेजबहादुर सिंहले जानकारी दिए ।

यसअघि चिसोका कारण शनिबार तीन जनाको ज्यान गएको थियो । भूकम्पका कारण घरमा क्षति पुगेपछि त्रिपालमा बस्दै आएका जुनीचाँदे गाउँपालिका-४ लुहादहकी ८९ वर्षीया सुगिली नेपाली, बारेकोट गाउँपालिका-१ रामीडाँडाका ७० वर्षीय डुमे पुन र छेडागाड नगरपालिका-१३ थानवाडाकी ५६ वर्षीया मनसरी कामीको चिसोका कारण मृत्यु भएको थियो ।



त्रिपालमुनिको बसाइका कारण बालबालिका, सुत्केरी, दीर्घरोगी र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । बालबालिका र वृद्धवृद्धामा श्वासप्रश्व ससम्बन्धी समस्या देखिन थालेको छ । यसअघि गत साता नलगाड भेरी र बारेकोटमा गरी चिसोका कारण चारजना दीर्घरोगीको ज्यान गएको थियो । चिसोका कारण पछिल्ले एक सातामा सात जना वृद्धवृद्धाको ज्यान गइसकेको छ ।

# मंसिर ३ गते देखि घरदैलो अभियानमा रास्वपा




**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मंसिर ३ गते देखि घरदैलो अभियान थालेको छ । रास्वपाका महामन्त्री एवं प्रवक्ता डा.मुकुल ढकालका अनुसार निर्वाचन भएको एक वर्ष पूरा हुँदै गर्दा मतदातालाई धन्यवाद दिँदै सुझाव सङ्कलनका लागि तीनदिने घरदैलो अभियान सञ्चालन गरिएको हो ।

'जनकेन्द्रित राजनीतिको आधार, घरदैलोमा जनतालाई आभार', नारासहित रास्वपाले घरदैलो अभियान सुरु गरेको हो । रास्वपाका सांसदले एक वर्षको 'रिपोर्ट कार्ड' सहित मतदातासँग साक्षात्कार गर्ने उनले जानकारी दिए । अभियानका क्रममा घरदैलो सुझाव फारममार्फत जनताको सुझाव सङ्कलन गर्ने प्रवक्ता ढकालको भनाइ छ ।

"चुनावअघि मात्र हैन चुनावपछि पनि घरदैलो कार्यक्रम गर्नपर्छ भन्ने मान्यताअनुरुप हामी घरदैलो कार्यक्रम गर्दै छौँ", उनले भने । यही मङ्सिर ४ गते निर्वाचन भएको एक वर्ष पूरा हुँदैछ । पार्टीका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार सबै सांसद, उम्मेदवार र केन्द्रीय सदस्यलगायत अभियानमा सहभागी हुनेछन् ।

# रामेछाप डायरी

## रामेछापको उमाकुण्डमा भाईले खुकुरी प्रहार गर्दा दाई गम्भिर घाईते



रामेछापको उमाकुण्ड गाउँपालिकामा आफ्नै भाईले दाईमाथि खुकुरी प्रहार गरी गम्भिर घाईते बनाएका छन् । उमाकुण्ड गाउँपालिका-३ कुबुकास्थली कोलाका ४९ वर्षिय देव बहादुर बस्नेतलाई आफ्नै भाई ओसिराम बस्नेतले खुकुरी प्रहार गरेका हुन् ।

घरायसी विवादका कारण गएराति ८ बजे ओसिरामले दाईमाथि खुकुरी प्रहार गरेको रामेछाप प्रहरीले जनाएको छ । खुकुरी प्रहारबाट गम्भिर घाईते भएका देवबहादुरलाई स्थानीय स्वास्थ्य चौकीमा सामान्य उपचारपछि थप उपचारका लागि हेलिकप्टर मार्फत काठमाडौंको ग्रान्डी अस्पतालमा पठाइएको रामेछाप प्रहरीले जानकारी दिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

## रामेछापमा खुला दिसामुक्त घोषणा तर कार्यान्वयनमा समस्या




रामेछाप जिल्ला २०७५ साल जेठ २८ गते बाग्मती प्रदेशको सातौं जिल्लाका रूपमा खुल्ला दिसामुक्त घोषणा भएको थियो । तर व्यवहारमा भने कार्यान्वयनमा आउन सकेको छैन ।

मानिसहरुको भीडभाड हुने स्थानमा सार्बजनिक शौचालय बनेका छैनन् भने, सरकारी कार्यालयमा भएका शौचालय समेत व्यवस्थित र सफा नभएको स्थानीय अस्मिता महताराको भनाइ छ । जिल्ला खुला दिसामुक्त घोषणा भएको ६ वर्ष बिते पनि पूर्ण कार्यान्वयन भएको छैन ।

रामेछापको ८ स्थानीय तहमध्ये मन्थली र रामेछाप नगरपालिकाले मात्रै बजारमा सार्वजनिक शौचालय निर्माण गरेका छन । तर सवारी साधन आवतजावत गर्ने कुनै पनि सडकमा कुनै पनि स्थानिय तहहरुले शौचालय निर्माण गरेका छैनन ।

मानिसको भिडभाड र आवतजावत हुने अन्य क्षेत्रमा सार्वजनिक शौचालय आवश्यक भए पनि बनाउनेतर्फ कसैको ध्यान नपुगेको नविन गाउँलेले बताउनुभयो । खुला दिसामुक्त क्षेत्र घोषणा गरिएका स्थानीय तहका कतिपय क्षेत्रमा खानेपानीसमेत अभाव छ ।

रामेछाप नगरपालिका,मन्थली नगरपालिका,लिखु तामाकोशी गाउँपालिका,खाँडादेवी गाउँपालिका लगायतका पालिकाहरुको सबै घरहरुमा शौचालय बने पनि, पानीको अभावले प्रयोगमा समस्या भएको स्थानीय नमिता महतले बताउनुभयो ।

जिल्लाको धेरै बजार क्षेत्रहरुमा सार्बजनिक शौचालय नबन्दा र भएका शौचालय व्यवस्थित नहुँदा खुला दिसामुक्त जिल्ला नारामा सिमित भएको छ ।

## रामेछापमा सस्तोमा डलर दिने भन्दै ५ लाख ठगी

नेपाली रुपैयाँ दिएर अमेरिकी डलर साट्दा चलन चल्तीको भन्दा बढी रकम पाइने आश्वासन पाएका दैलेखका एक व्यक्ति शनिबार रामेछापको राकाथुम आएर ठगिएका छन् ।

खाँडादेवी गाउँपालिका-१ राकाथुमका दलबहादुर लामा र उनका साथीले दैलेख ठाडीकाद गाउँपालिका-४ का प्रदीप कठायतलाई ठगी गरेका हुन् । उनी नेपाली रुपैयाँ १ लाखमा १ हजार अमेरिकी डलर पाउने लोभमा ५ लाख नेपाली रुपैयाँ बोकेर राकाथुम आएका थिए ।

लामाले जम्मा ६ हजार दिएर ५ लाख नेपाली रुपैयाँ लिइ फरार भएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायव उपरीक्षक होमबहादुर पराजुलीले बताउनुभयो ।

शनिबारको विनिमय दरअनुसार १ डलर बराबर नेपाली रुपैयाँ १ सय ३२ रुपैयाँ ७९ पैसा रहेको छ । प्रहरी नायव उपरीक्षक पराजुलीका अनुसार लामाले तलमाथि डलर राखेर बीचमा नेपाली २० रुपैयाँको मुठो बनाई बाँधेर कठायतलाई बोलाएका थिए । राकाथुमको खैरेनीघाट नजिक जंगलमा पैसा लेनदेन भएपछि लामाले त्यो पोका अहिले नखोल्न भनेका र आफू ५ लाख लिएर हिँडेको प्रहरीले जनाएको छ ।

कठायतले सिन्धुलीको नेपालथोक पुगेर पोका फुकाई हेर्दा बीचमा नेपाली बीस रुपैयाँको गड्डी देखेपछि आफू ठगिएको भन्दै प्रहरीकोमा पुगेका थिए । प्रनाउ पराजुलीका अनुसार पैसा लिएर फरार भएका लामा र उनका साथीको खोजतलास भइरहेको छ ।

# सुर्य ज्योति सहि प्लान सार्वजनिक



**काठमान्डौं–** शुक्रबार, सूर्यज्योति लाइफले काठमान्डौको लाजिम्पाट स्थित होटेल ङ्शिट प्रिन्सेसमा आयोजना गरिएको एक भब्य समारोहका बीच 'सूर्यज्योति सहि प्लान' को विधिवत उद्घाटन प्रमुख अतिथिका रुपमा रहनुभएका बीमा प्रधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवाल र कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराईले संयुक्त रुपमा गर्नु भएको हो । उक्त कार्यक्रममा बीमा प्रधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल लागाएत प्राधिकारणका उच्च पदस्थ व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराई , निर्देशकहरु क्रमश : नन्द किशोर शर्मा, हेमन्त नहाटा,आकाश गोल्छा,चुडामणि देवकोटा र प्रिया तयाल उपस्तिथी रहेको थियो । उक्त कार्यक्रममा संचारकर्मी अन्य संघ संस्थाका विशिष्ट व्यक्तित्वहरु तथा कम्पनीका उच्च पदाधिकारीहरुको उपस्तिथी रहेको थियो ।

बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले "जनताले लिन सक्ने परम्परागत पोलिसी भन्दा एकदमै इनोभेटिव र भिन्न बिशेषता सहितको प्रोडक्ट ल्याएकोमा सूर्यज्योति लाइफलाई धन्यवाद दिनुका साथै गरिवले पनि बीमा गर्न सक्ने कम प्रिमियममा ठुलो बीमा गर्न मिल्ने योजना ल्याउन सफल भएकोमा आफु हर्सित भएको बताउनु भयो ।" परम्परागत पोलिसी भन्दा सूर्यज्योतिले ल्याएको यस भिन्न पोलिसिबाट आम जनता लाभावन्तित हुनेमा आफुले विश्वास लिएको बताए ।

यो योजना तयार गर्दा देखि अन्तिम स्विकृती लिई नेपाली बीमा बजारमा ल्याउदा सम्म मार्ग निर्देशगर्नुहुने बीमा क्षेत्रको नियमनकारी निकाय बीमा प्राधिकरण र स्वयं अध्यक्ष सूर्य प्रसाद सिलवाललाई सूर्यज्योति कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराईले धन्यवाद व्यक्त गर्नुका साथै नेपाली आम जनताले पनि लिन सक्ने यो योजना पस्कन पाउदा खुसि व्यक्त गरे ।

नेपाली जीवन बीमा क्षेत्रमा एकदमै नयाँ सोचका साथ आम मानिसहरुको आवश्यकता र परिस्तिथिलाई मध्य नजर गर्दै हालसम्मकै योजना भन्दा भिन्न , आकर्षक र उत्कृष्ट सुविधाहरु भएको 'सहि प्लान' पहिलो पटक सूर्यज्योतिले पस्केको हो । बीमा क्षेत्रको नियामक निकाय बीमा प्राधिकरणको तथ्यांक अनुसार प्राय नेपालीहरुले आफ्नो आम्दानीको अनुपातमा निकै नै सानो रकम भएको बीमा खरिद गर्ने बुझिएको छ । केहि बिपत्ति आईलागे पछि उक्त सानो रकमले आर्थिक भार बेहोर्न प्रयाप्त नहुने र परीवारनै आर्थिक संकटको चपेटामा पर्ने सम्भावना रहन्छ । यहि कमीलाई नै पुरा गर्ने अठोटका साथ सूर्यज्योतीले 'सहि प्लान' नामक बीमा योजना ल्याएको हो। उक्त योजनामा थोरै प्रिमियममा ठुलो बीमा लिन सकिने , ७० बर्ष पुगे पश्चात तिरेको सम्पुर्ण प्रिमियम फिर्ता हुने ,आर्थिक सुरक्षा आजीवन रहिरहने र तिरेको प्रमियमको ६ गुणा सम्मको रकम फिर्ता हुने विशेषताहरुका साथै ऐच्छिक सुविधा अन्तर्गत सर्वाधिक ३५ घातक रोगहरु बिरुद्ध रु ५० लाखसम्मको पनि आर्थिक रक्षावरण गर्न सकिने छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाश बिक्रम खत्रीले उपस्थित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरु स्वागत गर्नुका साथै "आम जनजीवनमा आईपर्न सक्ने आर्थिक भारको जोखिममा सहयोग दिन यो योजना एकदमै उत्तम हुनका साथै पहिलो र नविनतम बिशेषताहरु सहित आएको हुनाले पक्कै पनि हरेक नेपालीको रोजाई को रुपमा यो सहि प्लान हुन मा आफु ढुक्क रहेको र 'हरेक घर ,एक बीमा' को रुपमा यो बीमा योजनालाई पुर्याउने लक्ष्य सूर्यज्योतिको रहेको " कम्पनीका प्रमुख कार्यकारी अधिकृत खत्रीले प्रस्ट पारे ।

सहि सोची ,सहि रोजौ भन्ने मूल नाराका साथ ल्याइएको यो सहि प्लानमा ७० बर्षको उमेर पश्चात तिरेको सम्पूर्ण रकम फिर्ता हुने हुदा आफुलाई बुढेसकालको सहारा हुने ,कम रकममा ठुलो बीमा गर्न मिल्ने र जोखिमको भार बहन पनि ठुलै हुनेहुनाले आफ्नो परिवारमा आर्थिक समस्या आइपरे भविष्यमा आर्थिक भारको रक्षवारणमा सहज हुने हुनाले यदि पहिले बीमा लिई सकेको भए पनि यो सहि प्लान तपाईको दोश्रो बीमाको रुपमा खरिद गर्नु निकै नै बुद्धिमानी हुने खत्रीले जानकारी गराए ।

सूर्यज्योति लाइफले समय सापेक्ष आफ्ना ग्राहकहरुको हित र सुविधालाई ध्यानमा राखी नविनतम र परिस्कृत सेवा पस्किदै आईरहेको छ । कम्पनिले बीमा क्षेत्रमै पहिलो ऐतिहासिक सफल मर्जर गरी उत्कृष्ट सेवा दिदै छोटो समयमै उलेखनीय उपलब्धिहरु हासिल गरिसकेको छ । कम्पनीले जीवन बीमा क्षेत्रमै पहिलो सर्वाधिक ३५ घातक रोगहरु विरुद्ध रु ५० लाख सम्मको उपचार खर्चको सुविधा प्रदान गर्ने एकमात्र कम्पनी बन्दै पहिलो आइ.एस.ओ ९००१ -२०१५ द्वारा बिभूषित एकमात्र जीवन बीमा कम्पनी बन्न सफल पनि भएको छ। हाल कम्पनिको चालु पूजी रु ४५४ करोड, लगानी रु ३४०० करोड ,जीवन बीमा कोष रु २९५० करोड, नेटवर्थ ६२२ करोड र जारी बीमालेख संख्या २२ लाख साथै देशैभरि फैलिएका १७६ शाखा संजाल र कम्पनीमा सक्रिय रुपमा आवद्ध करिव ९४ हजार अभिकर्ता मार्फत कम्पनीले सेवा प्रवाह गर्दै आईरहेको छ ।

# अर्थतन्त्रको गाँठो फुकाउन सरकारले थाल्यो छलफल

**काठमाडौं–** लामो समयदेखि शिथिल रहेको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले छलफल थालेको छ । मुलुकका बाह्य सूचक बलिया हुँदै आएको, वित्तीय प्रणालीमा पर्याप्त तरलता रहेको, ब्याजदर घट्दो क्रममा रहेकोलगायत सकारात्मक पक्ष रहे पनि आन्तरिक आर्थिक गतिविधि बढ्न नसकेकाले अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले छलफल थालेको हो ।

सोही क्रममा सरकारले मंगलबार दिउँसो दुई बजे सिंहदरबारमा निजी क्षेत्रसँग छलफल गर्ने भएको छ । समग्र अर्थतन्त्रलाई थप चलायमान बनाउन सुझाव, सल्लाहसहित थप के गर्न सकिन्छ भन्ने » बाकी ६ पृष्ठमा

# भुकम्प पिडितलाई सिप्रदीबाट ५५ लाखको राहत वितरण

**काठमाडौं–** सिप्रदीद्वारा जाजरकोट र रूकुम पश्चिमको भूकम्प प्रभावित परिवारहरुलाई आधारभूत आवश्यकताका सामाग्रीहरु राहत स्वरुप वितरण गरिएको छ । सिप्रदीयन सहायता संस्था, टाटा ट्रष्ट भारत र सिप्रदी ट्रेडिङ्ग प्रा.लि.को संयुक्त प्रयासमा यहि कार्तिक २६ गतेका दिन जिल्ला प्रसासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोट र जिल्ला प्रशासन कार्यलय पश्चिम रुकुम अन्तर्गत आठ बिसकोट नगरपालिका १३ र १४ वडा कार्यालयलाई रू. ५५ लाख बराबरको राहत सामग्री प्रदान गरिएको छ ।

तिहारमा लक्ष्मी पुजाको दिन संस्थाको प्रतिनिधित्व गर्दै सिप्रदीका ७ जना कर्मचारीहरुले जाजरकोट र पश्चिम रुकुममा राहत सामग्रीहरु (त्रिपाल, म्याट्रेस, खाध्यान्न, साबुन र बढ्दै गरेको जाडोलाई मध्यनजर गर्दै न्यानो कपडा, सिरक, सिरानी र टोपी लगायतका अन्य सामाग्रीहरुको प्याकेज बनाएर सम्बन्धित कार्यालयहरूलाई हस्तान्तरण गरिएको थियो ।



संस्थाको अनुसार हस्तान्तरण गरेको सामाग्रीहरुबाट झन्डै १,२०० घर परिवारका ४,८०० जना भूकम्प पिडितहरू प्रत्यक्ष लाभान्वित बनेका छन् । सिप्रदीयन सहायता संस्थाका वरिष्ठ उपाध्यक्ष शम्भु प्रसाद दाहालको अनुसार, "भूकम्पका कारण आफ्नो घर गुमाएका र बासको बैकल्पिक व्यवस्था नभएका पिडितहरुलाई सिप्रदीयन सहायता संस्था,टाटा ट्रष्ट भारत र सिप्रदी ट्रेडिङ्गको संयुक्त प्रयासमा स्थानीय प्रशासनसंग समन्वय गर्दै राहत वितरण गरेका छौं । प्रशासनको अहिलेको प्रमुख आवश्यकतालाई मध्यनजर गर्दै त्रिपाल, खाध्यान्न र न्यानो कपडाहरु हस्तान्तरण गरेका छौं र भविष्यमा पनि सिप्रदीयन सहायता संस्था सक्रिय रहेर निरन्तर रुपमा सहयोग पुराउने नै छौं ।"

आठ बिसकोट, रुकुमका नगर प्रमुख रबि के सीको अनुसार,"जाजरकोट केन्द्र बिन्दु भएर विनासकारी भुकम्प प्रभावित यस नगरपालिका जनताको लागि सिप्रदी सहायता संस्थाले गरेको खाधान्न, जिन्सी र औषधि लगायतका सामग्रीको सहयोग प्रति हामी आभारी छौं । यो सहयोगले यस प्रकोपले दुखमा परेका नगरवासीलाई राहत मिलेको छ ।"

विगतमा पनि सिप्रदीयन सहायता संस्थाले टाटा ट्रस्ट्ससँगको साझेदारीमा 'नेपाल भूकम्प पुनर्स्थापना परियोजना'को शुरूवात गरेको थियो । सो परियोजना अन्तर्गत २०७२ साल बैशाख १२ गतेको भूकम्पबाट अति प्रभावित र बैशाख २९ को शक्तिशाली पराकम्पको केन्द्रविन्दु सिन्धुपाल्चोकमा ९ वटा विद्यालयहरू तथा एउटा स्वास्थ्य चौकीको पुन:निर्माण र हस्तान्तरण गरेको थियो ।

# हिमालयन रि-इन्स्योरेन्सको आईपीओ खुल्यो

हिमालयन रि
HIMALAYAN RE

**काठमाडौं–** वैदेशिक रोजगारीमा रहेकाले सोमबारदेखि हिमालयन रिइन्स्योरेन्स कम्पनीको प्राथमिक सेयर (आईपीओ)मा आवेदन खुलेको छ ।

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा रहेकाहरुले मात्रै अहिले आईपीओमा आवेदन दिन सक्नेछन् । वैदेशिक रोजगारमा रहेकालाई सेयर बाँडफाँटपछि दोस्रो चरणमा सर्वसाधारणका लागि आवेदन खुल्नेछ । अंकित मूल्य १०० मा १०६ रुपैयाँ प्रिमियम थप गर्दै प्रतिकित्ता २०६ रुपैयाँका दरले कम्पनीको आईपीओ खुला भएको हो । कुल जारी पुँजी १० अर्ब रुपैयाँको ३० प्रतिशत अर्थात् ३ अर्ब रुपैयाँको ३ करोड कित्ता सेयर सर्वसाधारणका लागि निस्कासन हुने भएकोमा त्यसको १० प्रतिशत अर्थात् ३० लाख कित्ता वैदेशिक रोजगारमा रहेकाहरुका लागि खुला भएको हो ।

वैदेशिक रोजगारमा रहेकाले न्यूनतम १० र अधिकतम ३ लाख कित्तासम्मका लागि कम्पनीको आईपीओमा आवेदन दिन सक्नेछन् । मंसिर १८ गतेसम्म यसमा आवेदन दिन सकिने बिक्री प्रबन्धक एनएमबी क्यापिटलले एक सार्वजनिक सूचना मार्फत जनाएको छ । सीडीएससीको अनलाइन प्रणाली मेरोसेयरबाट आवेदन दिन सकिनेछ ।

गत असार मसान्तसम्मको कम्पनीको अपरिस्कृत वित्तीय विवरणअनुसार प्रतिसेयर नेटवर्थ ११० रुपैयाँ ९२ पैसा तथा प्रतिसेयर आम्दानी ६ रुपैयाँ ३२ पैसा छ । सो अवधिसम्म सञ्चित नाफा ४४ करोड २४ लाख रुपैयाँ रहेको कम्पनीले जनाएको छ । इक्रा नेपालले कम्पनीलाई 'ए माइनस' रेटिङ प्रदान गरेको छ । यसले दायित्व वहनका लागि कम्पनी मध्यम माथिल्लो स्तरमा रहेको जनाउँछ ।

# अर्थ संसार

## ग्रीन डेभलपमेण्ट बैंकको नायव प्रमुख कार्यकारी अधिकृतमा प्रकास गुरुङ नियुक्त



**काठमाडौं–** गण्डकी प्रदेशको पोखरामा केन्द्रीय कार्यालय रहेको ग्रीन डेभलपमेण्ट बैंक लिमिटेडको नायव प्रमुख कार्यकारी अधिकृतमा प्रकास गुरुङ्ग नियुक्त भएका छन । दुई दशक भन्दा लामो बैंक तथा वित्तीय क्षेत्रमा कार्य अनुभव रहेका गुरुङ्गलाई सञ्चालक समितिको बैठकले नायव प्रमुख कार्यकारी अधिकृत मानियुक्त गरेको हो ।

वित्तीय संस्थाहरुको दीर्घकालीन व्यावसायिक योजना, रणनीति तर्जुमा तथा कार्यान्वयनमा अत्यन्त कुशल तथा नेतृत्व दायी भूमिका निर्वाह गरी कुशल व्यवस्थापकका रूपमा स्थापित गुरुङ्ग यस अघि साईन रेसुङ्गा डेभलपमेण्ट बैंकको नायव प्रमुख कार्यकारी अधिकृत तथा पोखरा फाईनान्सको संचालकको भूमिकामा रहि कार्य सम्पादन गरिसकेका छन ।

नव नियुक्त नायव प्रमुख कार्यकारी अधिकृत गुरुङ्गले यस बैंकको उच्च व्यवस्थापनमा आबद्ध भई कार्य गर्ने अवसर प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै बैंकलाई थप सबल र सुदृढ बनाउन आफ्नो अहंम भूमिका रहने बताए ।

## सुजल डेरीको व्यापार १६ करोड रूपैयाँले बढेर १.८६ अर्ब नाघ्यो

Sujal
SUJAL FOODS PVT. LTD.

**काठमाडौं–** दुधजन्य पदार्थ उत्पादन गरी बिक्री गर्ने लक्ष्मी ग्रुपको सुजल डेरीको कारोबार १६ करोड ३० लाख रुपैयाँ बढेको छ । कम्पनीले सन् २०२२/२३ मा १ अर्ब ८६ करोड ९० लाख रुपैयाँ (अपरिष्कृत) व्यापार गरेको छ । अघिल्लो वर्ष २०२१/२२ मा कम्पनीको व्यापार १ अर्ब ७१ करोड ६० लाख रुपैयाँ थियो ।

२०२०/२१ मा १ अर्ब २१ करोड, २०१९/२० मा १ अर्ब १९ करोड र २०१८/१९ मा १ अर्ब रुपैयाँ बढीको व्यापार गरेको थियो ।

कम्पनीले विभिन्न प्रकारका दुध, दही, आइसक्रिम, धुलो दुध, बटर, घिउ, पनिरलगायत उत्पादन गर्छ ।

कम्पनीमा गणेशबहादुर श्रेष्ठ, सुनिल श्रेष्ठ, अन्जन श्रेष्ठ, निरन्जन श्रेष्ठ र निराकार श्रेष्ठको समान १८/१८ प्रतिशत सेयर स्वामित्व छ । बाँकी १० प्रतिशत हिस्सा सुजल फुड प्रालिको हिस्सा छ । जुन लक्ष्मी ग्रुपअन्तर्गतकै कम्पनी हो ।

कम्पनीले सफल र लभ बर्ड्स ब्राण्डमा आफ्नो उत्पादन बिक्री गर्छ ।

कम्पनीले ९३ करोड २६ लाख रुपैयाँको बैकिङ कर्जाका लागि इक्रा नेपालबाट रेटिङ पाएको छ ।

## एनएसीले भारतमा पायो उत्कृष्ट राष्ट्रिय ध्वजावाहक एयरलाइन्सको सम्मान



**काठमाडौं–** नेपाल वायुसेवा निगम (एनएसी)ले भारतमा उत्कृष्ट राष्ट्रिय ध्वजावाहक सम्मान पाएको छ ।

मुसाफिर मिडिया हवले भारतमा उडान भर्ने एयरलाइन्ससमध्येबाट सन् २०२३ का लागि एनएसीलाई उत्कृष्ट राष्ट्रिय ध्वजावाहक सम्मान प्रदान गरेको हो । बिहीबार दिल्लीमा एक कार्यक्रमबीच सम्मानपत्र प्रदान गरिएको थियो ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले सम्मानले अझै जिम्मेवारीपूर्वक काम गर्न प्रेरणा मिलेको बताए ।

निगमले हाल अन्तर्राष्ट्रियतर्फ ४ वटा जहाजमार्फत दिल्ली, मुम्बई, बैंग्लोर, दुबई, दोहा, दमाम, बैंकक, हङकङ लगायत १० गन्तव्यमा उडान गर्दै आएको छ ।

आन्तरिकतर्फ भने निगमसँग २ वटा मात्र ट्विनअटर जहाज छन् । उसले ती जहाजमार्फत ताप्लेजुङ, इलाम, भोजपुर, फाप्लु, थामकर्क, खानिडाँडा लगायत १५ गन्तव्यमा उडान गर्दै आएको छ ।

# कामको अवधिपछि नेपालीलाई योगदानमा आधारित पेन्सन दिन दक्षिण कोरिया सरकारसँग सांसद पौडेलको आग्रह



**काठमांडौं–** सांसद एवं कांग्रेस नेता प्रदिप पौडेलले कोरियामा काम गर्ने नेपालीलाई त्यहाँका नागरिक सोसरह सेवा सुविधा दिन र कामको अवधिपछि योगदानमा आधारित पेन्सन दिन दक्षिण कोरिया सरकारसँग आग्रह गरेका छन् ।नेपाल र दक्षिण कोरियाबीचको कुटनितिक सम्बन्ध स्थापना भएको ५० औं वर्षगाँठमा कोरिया नेपाल पार्लियामेंट्री कमीटीद्वारा कोरियाको राजधानी सिओलस्थित नेशनल एसेम्ली हाउसमा आयोजित बिशेष कार्यक्रमलाइ सम्बोधन गर्दै पौडेलले यस्तो आग्रह गरेका हुन् ।

उनले कोरियामा काम गर्ने नेपालीहरु काम गर्न आएको समय सकिएपछि थप काम गर्न चाहनेका लागि नेपाल सरकारसंग समन्वय गरेर भिसा थप गर्न समेत कोरिया सरकारसँग आग्रह गरे ।

पौडेलले नेपाल र कोरियाबीच कनेक्टिभिटी बढाउने र दुवै देशका बीचमा सिधा हवाई उडानहरू दुबै तर्फका ध्वजाबाहकहरूलाई उडान स्वीकृति प्रदान गर्नुपर्ने अवश्यकता औंल्याए । सीधा उडान भए सांस्कृतिक, व्यापारिक र पर्यटनको आदानप्रदान बढ्ने र यात्राको सहजताले उद्यमीहरू र लगानीकर्ताहरूलाई आर्थिक वृद्धि र विविधीकरणमा योगदान गर्दै एकअर्काको देशमा अवसरहरू अन्वेषण गर्न सहोग पुग्ने पौडेलले उल्लेख गरे ।

सांसद पौडेलले गत कात्तिक १७ गते राति जाजरकोटको केन्द्रबिन्दु भएर गएको भूकम्प प्रभावितहरुको राहत र पुर्न स्थापनाका लागि सहयोग गर्न दक्षिण कोरिया सरकार र कोरियामा रहेका नेपालीहरुलाई आग्रह गरे ।

कार्यक्रममा बोल्दै उनले दक्षिण कोरियाले छोटो अवधिमा हासिल गरेको प्रगति नेपालका लागि प्रेरणाको श्रोत बनेको बताए । नेपाल पनि सामाजिक (आर्थिक )विकासमा अघि बढिरहेका बेला कोरियाको सफल रणनीतिलाई आत्मसात गरी कार्यान्वयन गरे नेपाललाई दिगो विकास र विकासतर्फ लैजान सकिने नेता पौडेलले उल्लेख गरे ।

लगानीलाई प्राथमिकतामा राखेर व्यवस्थित प्रक्रिया र प्रोत्साहनका साथ लगानीका लागि अनुकूल वातावरण प्रदान गर्न नेपाल प्रतिबद्ध रहेको भन्दै पौडेलले कोरियाली लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न अनुरोध गरे ।दुबै राष्ट्रलाई फाइदा हुने अवसरहरू सिर्जना गरेर लगानीका लागि अनुकूल वातावरण प्रदान गर्न नेपाल तयार रहेको उनले उल्लेख गरे ।

कूटनीतिक सम्बन्ध स्थापना भएदेखि आजसम्म नेपाल र कोरिया वीचमा सांस्कृतिक आदानप्रदान, आर्थिक साझेदारी, शान्ति र समृद्धिको प्रवर्द्धन र जनता - जनता वीचको अन्तरक्रिया लगायत सांस्कृतिक आदानप्रदानले नेपाल र दक्षिण कोरियाबीचको सम्वन्धलाई थप बलियो बनाउँदै लगेको पौडेलले दाबि गरे ।

## पुर्ख्यौली पेशाबाट मनग्य आम्दानी गर्दै अर्जुन गजमेर



**काठमाडौं–** तनहुँको बन्दीपुर गाउँपालिका -२ तीनपाटे निवासी ३२ वर्षीय अर्जुन गजमेरले चार वर्ष साउदी अरबमा काम गरे । वैदेशिक रोजगारमा सोचेअनुरुप आम्दानी गर्न नसकेपछि उनी स्वदेश फर्किए । स्वदेश फर्किएपछि उनले पुर्ख्यौली आरन पेसालाई अगाडि बढाए ।

गजमेर १० वर्षदेखि आरन पेसामा आबद्ध छन् । हातमा सीप, मनमा जाँगर र आँट भए जुनसुकै कामबाट पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उनले प्रमाणित गरेका छन् । आरन पेसाबाट वार्षिक रू सात लाख आम्दानी भइरहेको गजमेरले जानकारी दिए । साउदी अरब रोजगारीमा रहँदा साहुले लगाएको वचनका कारण स्वदेश फिर्ता भई पुर्खाले गर्दै आएको आरन पेसा सञ्चालन गरेको उनले बताए ।

‘विभिन्न कम्पनीमा कामका लागि गएका नेपालीले तोकिएको काम र पारिश्रमिक नपाउने, गाली र यातनाका साथै दुर्व्यवहार खेप्नुपरेको अनुभव छ। मैले स्वदेश फर्किएपछि पुर्ख्यौली पेसालाई सुरु गर्ने सोच बनाएँ । अहिले वार्षिक रू सात लाखसम्म आम्दानी हुन्छ’, गजमेरले भने ।

गत वर्षमात्रै पर्यटन तथा उद्योग कार्यालय तनहुँमा परम्परागत अङ्कित आरन व्यवसाय दर्ता गरेको उनले बताए । आरन व्यवसाय सञ्चालनका लागि गोल सिद्धथान, देवीथुम्का र पार्चे सामुदायिक वन उपभोक्ता समितिका साथै स्थानीय व्यक्तिको सहयोग लिँदै आएको गजमेरको भनाइ थियो ।

हँसिया, खुर्पा, कुटो, कोदालो, कोदाली, बञ्चरो, खुँडा, तरबार, खुकुरी, करौंती, फाली, करुवा, बसिला, छिनो, चिम्टालगायतका घरेलु हतियार, कृषि औजार निर्माण तथा तयारी, मर्मत र अर्चप्ने काम गर्दै आएको उनले जानकारी दिए । सिजनमा दैनिक रू छ/सात हजार आम्दानी गर्ने गजमेयरले आरन व्यवसायमा अन्य दुई जनालाई रोजगारीसमेत दिए । आरन पेसाबाटै भएको आम्दानीबाट घर व्यवहार चलाउन सहयोग पुगेको उनको भनाइ छ ।

गजमेरले भने, ‘यही पेसाबाट भएको आम्दानीले छोराछोरीलाई बन्दीपुरको बोर्डिङ स्कुलमा गुणस्तरीय शिक्षा दिन सकेको छु ।’ सुरुका दिनमा ३५ जना गाउँलेबाट प्रतिव्यक्ति रू एक हजारका दरले सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गरेको उनको भनाइ थियो ।

यहाँ उत्पादित कृषि औजार खुर्पा रू दुई सयदेखि रू दुई हजार पाँच सय, कुटो रू पाँच सय, कोदालो रू आठ सयदेखि रू दुई हजारसम्म, बञ्चरो रू एक हजारदेखि रू दुई हजार पाँच सयसम्म, खुँडा रू एक हजार पाँच सयदेखि रू आठ हजारसम्म, बसिला रू पाँच सयदेखि रू एक हजार पाँच सयसम्म बिक्री हुने गरेको गजमेरले जानकारी दिए ।

पुराना औजार मर्मतका लागि रू एक सय ५० र अर्चपेको रू ६० लिने गरेको उनले बताए । ‘आरन पेसा हाम्रो पुर्ख्यौली पेसा हो । गाउँमा आरन पेसा लोप हुँदा गाउँलेले समेत दुःख पाएका थिए’, गजमेरले भने, ‘मैले यो पेसा सुरु गरेपछि गाउँलेले सेवा पाएका छन् भने म स्वरोजगार बनेको छु ।’

यहाँ उत्पादित घरेलु हतियार तथा कृषि औजार घरघरमै पुगेर बिक्री गर्ने गरेको उनले बताए । उनले भने, ‘किसानले सुविधा खोज्छन् । म किसानकै घरदैलोमा गई सेवा दिँदै आएको छु । यहाँ उत्पादित कृषि औजार बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका र देवघाट गाउँपालिकामा बिक्री हुने गरेको छ ।’

सामाजिक सञ्जालमा सक्रिय गजमेरले यसको उपयोग गरी कृषि औजारको प्रचार र बिक्री गर्दै आएका छन् । उनले भने, ‘ टिकटक र फेसबुकमा मैले हालेको भिडियो हेरेर बन्दीपुर घुम्न आएका व्यक्ति मसँग सम्पर्कमा आउनुहुन्छ । उहाँहरुले कृषि औजार खरिद गरेर लैजानुहुन्छ ।’

गाउँपालिकाले रू एक लाख प्रोत्साहनस्वरुप प्रदान गरेको गजमेरले जानकारी दिए । वैदेशिक रोजगारीबाट फर्किएर आरन पेसा सञ्चालन गरेकामा प्रोत्साहनस्वरुप नगद प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए । त्यस्तै आरन संरक्षण तथा प्रवर्द्धनका लागि रू ४० हजार सहयोग गरिएको उनले बताए ।

# खेलकुद

## विश्वकप क्रिकेटको उपाधिका लागि भारत र अष्ट्रेलिया भिड्दै



काठमाडौं- आईसीसी क्रिकेट विश्वकपको उपाधिका लागि घरेलु टोली भारत र अष्ट्रेलियाबीच आज प्रतिस्पर्धा हुँदैछ ।

फाइनल खेल अहमेदवादस्थित नरेन्द्र मोदी स्टेडियममा नेपाली समय अनुसार दिउँसो सवा २ बजे सुरु हुनेछ । भारतले पहिलो सेमिफाइनलमा न्युजिल्याण्डलाई ७० रनले पराजित गर्दै १२ वर्षपछि एकदिवसीय विश्वकपको फाइनलमा स्थान बनाएको हो ।

यस्तै अष्ट्रेलियाले दोस्रो सेमिफाइनलमा दक्षिण अफ्रिकालाई तीन विकेटले पराजित गर्दै भारतसँग फाइनल भेट पक्का गरेको थियो ।

फाइनल पुग्ने क्रममा अपराजित भारतले १० मध्ये १० वटै खेल जितेको थियो । यस्तै लिग चरणमा सुरुवाती दुई खेलमा पराजित अष्ट्रेलियाले त्यसपछि लगातार ७ खेल जितेर सेमिफाइनलमा पुगेको थियो । लिगमा तेस्रो भएको अष्ट्रेलियाले दोस्रो भएको दक्षिण अफ्रिकालाई पराजित गर्दै ८ वर्षपछि फाइनल पुगेको हो ।

विश्वकप क्रिकेटको सर्वाधिक सफल अष्ट्रेलियाले कीर्तिमानी पाँच पटक उपाधि जितेको छ भने भारतले दुई पटक उपाधि जितेको छ । यसअघि सन् २००३ मा यी दुई टोली फाइनलमा भिड्दा अष्ट्रेलियाले जित हात पारेको थियो । त्यसबेला अष्ट्रेलिया अपराजित रहँदै फाइनल पुगेको थियो ।

यस पटक त्यसको ठीक विपरीत भारत अपराजित रहँदै फाइनल पुगेको छ । भारतलाई घरेलु मैदानमा त्यस हारको बदला लिने मौका समेत छ । तर अष्ट्रेलियाको लागि पनि फाइनलमा भारतविरुद्ध लिग चरणमा बेहोरेको हारको बदला लिने अवसर छ । भारतले यस पटक उत्कृष्ट प्रदर्शन गर्दै सबै खेल जितेको थियो । तर अष्ट्रेलियाले खराब सुरुवात गरेपनि त्यसपछिका खेलमा आफ्नो वास्तविक खेल प्रदर्शन गर्दै फाइनलसम्म पुगेको छ । त्यसैले फाइनल खेल प्रतिस्पर्धात्मक हुने अनुमान छ ।

अष्ट्रेलियाले यसअघि १९८७, १९९९, २००३, २००७ र २०१५ मा उपाधि जितेको थियो भने भारतले १९८३ र २०११ मा उपाधि जितेको थियो । यसअघि ७ पटक फाइनल खेलिसकेको अष्ट्रेलिया १९७५ मा वेष्ट इन्डिज र १९९६ मा श्रीलंकासँग भने फाइनलमा पराजित भएको थियो । भारत भने फाइनलमा २००३ मा अष्ट्रेलियासँगै पराजित भएको थियो ।

भारत र अष्ट्रेलियाबीच अहिलेसम्म कुल १५० वटा एकदिवसीय खेल भएको छ । जसमा अष्ट्रेलियाले ८३ वटा खेल जितेको छ भने भारतले ५७ वटा जितेको छ । बाँकी १० खेलमा नतिजा आएको थिएन ।

## मंसिर ७ देखि पोखरामा केपी ओली कप क्रिकेट हुँदै




पोखरा- पोखरामा मंसिर ७ गतेदेखि केपी ओली राष्ट्रिय कप टि-२० क्रिकेट प्रतियोगिता हुँदैछ । प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको छ । आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमीले खेल तालिका सार्वजनिक गरेको हो ।

प्रतियोगितामा १२ टीमको सहभागिता रहने एकेडेमीको क्रिकेट विभाग संयोजक एवं पूर्व राष्ट्रिय खेलाडी शक्ति गौचनले जानकारी दिए । त्रिभुवन क्लव, एपिएफ क्लव र नेपाल पुलिस क्लव ससहित कोशी, बागमती, मधेश, गण्डकी, लुम्विनी, कर्णाली र सुदूर पश्चिम प्रदेश पनि सहभागी हुनेछ । एकेडेमीले आफ्ना दुई टिम उतार्ने बताएको छ ।

एकेडेमीले देशभरीबाट २ सय भन्दा बढी खेलाडीबाट टीम तयार गरेको गौचनले बताए । खेल तालिका अनुसार ग्रुप ‘ए’ मा बागमती प्रदेश, कर्णाली प्रदेश र मदन भण्डारी स्पोर्टस एकेडेमी रातो, ग्रुप ‘बी’ मा एपिएफ, लुम्विनी र गण्डकी, ग्रुप ‘सी’ मा नेपाल पुलिस, मधेश प्रदेश र सुदुर पश्चिम तथा ग्रुप ‘डि’ मा त्रिभुवन आर्मी क्लव, कोशी प्रदेश र मदन भण्डारी स्पोर्टस एकेडेमी निलो छन् ।

मंसिर १५ गते सम्म चल्ने प्रतियोगितामा हरेक दिन दुईवटा खेल हुनेछन् । उद्घाटन खेलमा बागमती प्रदेश र आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमी रातोका बीच प्रतिश्पर्धा हुनेछ । उपाधी विजेता टिमले नगद ५ लाख र उपविजेताले २ लाख ५० हजार पुरस्कार पाउनेछन् । हरेक खेलमा म्यान अफ दि म्याच र प्रतियोगिताको वेष्ट व्याटर तथा बलरलाई समेत पुरस्कार राखिएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १५, २०८० साल मंसिर ५ गते मंगलबार (Nov 21, 2023)

### सुन बिक्री...

पृष्ठ १ बाट जारी

उपभोक्ताको चासो बढेको छ। तिहार र कात्तिक महिना सकिए लगत्तै सुनको मूल्य तोलामा २ हजार ३ सय रुपैयाँले बढेको छ। जसका कारण मंसिरमा सुनको मूल्यलाई लिएर उपभोक्ताहरुमा चिन्ता बढेको छ। यता सुन चाँदी व्यवसायी महासंघले पनि सुनको मूल्य श्रृंखला हेर्दा मंसिरमा सुन थप महँगो हुन सक्ने आंकलन गरेको छ।

रुस-युक्रेन र इजरायल-प्यालेस्टाईन युद्धका कारण विश्व अर्थतन्त्र प्रभावित भएको र त्यसको असर सुनको बजारमा पर्ने देखिएको महासंघका अध्यक्ष शाक्य बताउँछन्। अर्कोतर्फ चीन-अमेरिका व्यापारीक टसल र ब्रिक्स राष्ट्रहरुको नयाँ मुद्रा प्रचलनमा ल्याउने बहशले अहिले विश्व अर्थतन्त्र पर्ख र हेरको अवस्थामा रहेको उनी बताउँछन्।

'डलरको बिरुद्धमा ब्रिक्सले नयाँ मुद्रा प्रचलनमा ल्यायो भने सुनको मूल्यले थप उचाई लिने देखिन्छ,' अध्यक्ष शाक्यले भने,'यो समय दक्षिण एशियामा सुनको धेरै खपत पनि हुने भएकाले मूल्य बढ्ने नै देखिन्छ।'

### अर्थतन्त्रको गाँठा...

पृष्ठ ४ बाट जारी

विषयमा सरकारले निजी क्षेत्रसँग छलफल गर्न लागेको अर्थमन्त्री प्रकाशशरण महतले पुष्टि गरे।

देशको वर्तमान अर्थतन्त्रबारे छलफल गर्न सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले यस्तो निर्णय गरेको हो। बैठकमा राष्ट्र बैंक, अर्थ मन्त्रालय, योजना आयोगलगायत विभिन्न मन्त्रालयका प्रतिनिधिको उपस्थिति थियो। छलफलमा प्रधानमन्त्रीको निर्देशनअनुसार अर्थमन्त्री महतले वर्तमान देशको अर्थतन्त्रबारे ब्रिफिङ गरेका थिए। त्यसपछि राष्ट्र बैंकका गर्भनर र राष्ट्रिय योजना आयोगका प्रतिनिधिले पनि आआफ्नो क्षेत्रको ब्रिफिङ गरेको स्रोतले बताएको छ।

जनताका सरोकारका विषयलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा अन्तर्क्रिया पनि भएको बताइएको छ। यसअघि निजी क्षेत्रले अर्थतन्त्रका समस्या समाधानका लागि प्रधानमन्त्री अध्यक्ष रहने गरी उच्चस्तरीय सुधार आयोग वा अन्य कुनै संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव गरेको थियो।

### सम्मेलनको उद्घाटनी...

पृष्ठ १ बाट जारी

लिर्डस् कार्यक्रम आयोजना गरिने कार्यक्रम महासंघले सार्वजनिक गरेको छ।

मंसिर ७ मै गोकर्ण गल्फ मैदानमा एफक्यान–इफाप्का गल्फ प्रतियोगिता गरिने र मंसिर ८ गते नयाँ कार्य समिति चयन गरी उक्त कार्य समितिको एक्जिक्यूटिभ बोर्ड मिटिङ र केही सहभागीहरूका लागि भक्तपुर दरबार स्क्वायरको अवलकोन भ्रमण कार्यक्रम राखिएको छ।

यसै सम्मेलन मार्फत् गत एक वर्ष अघिदेखि इफाप्का अध्यक्षको कार्यभार सम्हाली रहनु भएका नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले इफाप्का अध्यक्षको जिम्मेवारी सिंगापुरलाई हस्तान्तरण

गर्ने पत्रकार सम्मेलनमा जानकारी गराइयो। सिंहको कार्यकालमा नेपाल निर्माण व्यवसायी महासंघका सल्लाहकार समेत रहनु भएका विरेन्द्र राज पाण्डेले महासचिव र कार्य समिति सदस्य सुशीलकुमार श्रेष्ठले बोर्ड मेम्बरको भूमिका निर्वाह गरेका थिय। ४६ औं इफाप्का सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्न इफाप्का तथा महासंघ अध्यक्ष रवि सिंहको संयोजकत्वमा २१ सदस्यीय मूल आयोजक समिति र मूल आयोजक समिति मातहतका ९ वटा उपसमितिहरू गठन गरिएको महासंघले जनाएको छ।

महासंघका सल्लाहकार एवं इफाप्का महासचिव विरेन्द्रराज पाण्डेले मुलुकको प्रतिष्ठासँग जोडिएको ४६ औ इफाप्का सम्मेलनलाई सफल बनाउन सबैले सहयोग गर्नुपर्ने बताए। महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (ए.डी) ले ४६ औं सम्मेलनलाई सफल बनाउन सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहने धारणा राखे। महासंघका महासचिव रोशन दाहालले सदस्य राष्ट्रहरूबीचको सहकार्य तथा निर्माण कार्य सम्बन्धी अनुभव आदानप्रदानका लागि इफाप्का उपयुक्त मञ्च भएको बताए।

महासंघका प्रवक्ता समेत रहनु भएका नीतिगत उपमहासचिव शिवहरि घिमिरेले ४६ औं इफाप्का सम्मेलनबाट नेपालले धेरै लाभ लिन सक्ने भएकाले सम्मेलन सफल बनाउन सम्बन्धित् सबै पक्ष एकजुट हुनुपर्ने धारणा राखे।

यसअघि नेपालले २४ वर्ष अघि सन् १९९९ मा अग्रज निर्माण व्यवसायी गणेश लाल श्रेष्ठ इफाप्का अध्यक्ष भएको समयमा काठमाडौंमा ३० औं इफाप्का सम्मेलन आयोजना गरेको थियो।

## दुध सही समयमा र तरिकाले पिउनु अति आवश्यक



**काठमाडौं–** दुध बालबालिकाका साथै बृद्धबृद्धाका लागि पनि स्वस्थ पेय पदार्थ हो तर यदि तपाई यसको सेवनबाट शरीरलाई अधिकतम फाइदा लिन चाहनुहुन्छ भने यसलाई सही समयमा र सही तरिकाले पिउनु अति आवश्यक छ। आउनुहोस् जानौं कसरी दूध पिउने ताकि हड्डीसँगै शरीर लामो समयसम्म स्वस्थ र बलियो रहन्छ।

दूध पिउनु बालबालिकाका लागि मात्र नभई वृद्धवृद्धाहरूका लागि पनि महत्त्वपूर्ण छ। दूधमा पाइने पौष्टिक तत्वले बालबालिकाको बृद्धि र हड्डी बलियो बनाउन लाभदायक हुन्छ। बढ्दो उमेरसँगै हड्डी कमजोर हुँदै जान्छ। सामान्य चोटपटक वा लडेर भाँचिने जोखिम हुन्छ, त्यसैले दैनिक एक गिलास दूध पिउनाले यी जोखिमलाई धेरै हदसम्म कम गर्न सकिन्छ।

दूधको अधिकतम फाइदा लिनको लागि यसलाई सही समयमा र सही तरिकाले पिउनु आवश्यक छ। धेरैलाई यसको स्वाद मन पर्दैन, जसका कारण तिनीहरू यसमा चिनी र अन्य धेरै चीजहरू मिसाएर पिउछन्। यसले निस्सन्देह दूधको स्वाद बढाउँछ, तर यसको फाइदाहरू कम गर्दछ। दूधमा फ्याट, क्याल्सियम, भिटामिन र मिनरल्स राम्रो मात्रामा पाइन्छ, त्यसैले यिनीहरूबाट शरीरलाई बढीभन्दा बढी लाभ मिलोस् भन्ने चाहनुहुन्छ भने दूध कसरी र कहिले पिउने भन्ने जान्नुहोस्।

### दूध पिउने सही समय र सही तरिका

#### बिहानी पख

बिहानको खाजामा एक गिलास दूध पिउनुलाई सबैभन्दा राम्रो समय मानिन्छ। तर आयुर्वेदमा यसलाई पिउने तरिका पनि बदलिँदो मौसम अनुसार अलिकति परिवर्तन हुन्छ।

गर्मीमाः दूधलाई राम्ररी उमालेर अलिकति चिसो गर्ने। त्यसपछि दूधको एक चौथाई भाग बराबर चिसो पानी हाल्नुहोस्। चिनीको सट्टा चिनी क्यान्डी थप्नुहोस् र पिउनुहोस्।

जाडोमा : ३ देखि ४ वटा बदाम र किसमिस रातभर भिजाउनुहोस्। बिहानै बदामको छाला छोकेर खानुहोस् र दूध पिउनुहोस्।

मनसुनमाः मनसुनमा एक गिलास दूधमा एक चिम्टी सुक्खा अदुवाको धुलो मिसाएर पिउनुहोस्।

रातमा

बेलुकाको खाना खाएको कम्तिमा २ देखि ३ घण्टापछि र सुत्नुभन्दा आधा घण्टा अगाडि दूध पिउनु राम्रो हुन्छ। राति सुत्ने बेलामा थोरै बेसार मिसाएर दूध पिउनाले रोग प्रतिरोधात्मक क्षमता बलियो हुन्छ।

### दूध पिउने सही तरिका

#### चिनी थप नगर्नुहोस्

आमाहरूले आफ्ना छोराछोरीलाई दूध खुवाउन सजिलो बनाउन चिनी थप्छन्, तर यो सही तरिका होइन। दूधमा प्राकृतिक मिठास हुन्छ, त्यसैले बाल्यकालदेखि नै बालबालिकालाई चिनीरहित दूध खुवाउने बानी बसाल्नुहोस्। स्वाद बढाउन यसमा गुड़ मिसाउन सकिन्छ।

#### नुनिलो वस्तुको सेवन नगर्नुहोस्

नुनिलो चिजसँग दूध कहिल्यै नखानुहोस्। यसलाई पराठा वा पुरीसँग पिउनाले अपच हुन सक्छ।

## जीप दुर्घटना हुँदा एक जनाको मृत्यु, पाँच घाइते

**बैतडी–** दोगडाकेदारमा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा दोगडाकेदार-३ गाउँपालिका-८ कालागाउँका ३५ वर्षीय अम्मर विष्ट रहेका खोचलेक प्रहरीचौकीका इञ्चार्ज नवलसिंह भाटले जानकारी दिए।

विष्टको घटनास्थलमै मृत्यु भएको थियो। कालागाउँबाट सिल्लेगडातर्फ आउँदै गरेको से १ ज ६०३ नम्बरको जीप आज दोगडाकेदार-३ घोडेधार नजिकै दुर्घटनामा परेको हो। कच्ची र उकालो नचढ्दा ब्याक भएर दुर्घटनामा परेको दुर्घटनाग्रस्त जीपमा सवार लोकबहादुर विष्टले बताए।

यस्तै काला गाउँकै ३० वर्षीया कलावती विष्ट, सोही ठाउँका ४५ वर्षीया हिरा विष्ट, चार वर्षीय रियाग विष्ट, सात वर्षीया सुशीला विष्ट र ६० वर्षीय पद्म विष्ट घाइते भएका छन्।

घाइतेमध्ये कलावती र हिराको अवस्था गम्भीर रहेको बैतडी प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए। गम्भीर घाइतेलाई



उपचारका लागि जिल्ला अस्पताल पठाइएको छ भने अन्यको स्थानीय मेडिकलमा उपचार भइरहेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

# अन्तराष्ट्रिय समाचार

## माल्दिभ्सले भारतलाई भन्यो – 'सैनिक फिर्ता लैजाऊ'




**काठमाडौं–** माल्दिभ्सले भारतलाई आफ्नो देशभित्र रहेको भारतीय सैनिक फिर्ता लैजान औपचारिक रुपमा भनेको छ। राष्ट्रपतिको शपथग्रहणलगत्तै राष्ट्रपति मोहम्मद मुइज्जूले भारतलाई आफ्ना सैनिक फिर्ता लैजान भनेका हुन्।

माल्दिभ्सको राष्ट्रपति कार्यालयले शनिबार जारी गरेको विज्ञप्तिमा भारतका अर्थ साइन्समन्त्री किरेन रिजिजुसँगको भेटमा राष्ट्रपति मुइज्जूले भारतलाई आफ्नो सेना फिर्ता लैजान भनेको उल्लेख छ।

भारतीय मन्त्री रिजिजु शुक्रबार भएको शपथग्रहण समारोहमा सहभागी हुन माले पुगेका थिए। मन्त्री रिजिजुले शनिबार राष्ट्रपति मुइज्जूसँग भेट गरेका थिए। माल्दिभ्स राष्ट्रपति कार्यालयले भेटमा भारतीय सैनिक फिर्ताको विषय भनेको जनाए पनि भारतीय पक्ष भने चुप बसेको छ।

राष्ट्रपति मुइज्जूसँग मन्त्री रिजिजुले एक्समा लेख्दै आफूले प्रधानमन्त्री नरेन्द्र मोदीको अभिवादन दिएको र यथार्थको द्वीपक्षीय सम्बन्धलाई थप सशक्त बनाउन र जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा जोड दिएको बताएका छन्। त्यसमा भारतीय सैनिकको विषयमा केही भनिएको छैन।

राजधानी मालेका पूर्वमेयर मुइज्जूले गत महिना भएको राष्ट्रपति निर्वाचनमा माल्दिभ्समा रहेको भारतीय सैनिकको फिर्तीको विषयलाई प्रमुख चुनावी मुद्दा बनाएका थिए। उनले 'इन्डिया आउट' नारा दिँदै चुनाव जितेका हुन्। उनले तत्कालीन राष्ट्रपति इब्राहिम सोलिहलाई स्पष्ट अन्तरको साथ पराजित गरेका थिए। इब्राहिमको दिल्लीसँग निकट सम्बन्ध रहँदै आएको छ।

शपथग्रहणअघि प्रसारित मुइज्जूको अन्तर्वार्तामा माल्दिभ्सका जनताले भोटमार्फत् भारतीय सैनिक फिर्तीको विषयलाई आफ्नो धारणा स्पष्ट पारेको बताएका थिए। उनले आफूले एक सय दिनमा गर्ने भनेको काममा महत्त्वपूर्ण कामहरुमध्येमा भारतीय सैनिक फिर्ता पनि पर्ने बताएका छन्।

## गाजामा तत्काल युद्धविराम गर्न इजिप्टका राष्ट्रपतिको जोड



**काठमाडौं–** इजिप्टका राष्ट्रपति अब्देल फतह अल सिसीले गाजामा तत्काल युद्धविरामको आवश्यकता र प्यालेस्टाइनीहरूलाई राहत सहायता पुर्‍याउने विषयमा आफ्नो देशको अडानलाई जोड दिएका छन्। युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डर लेयनसँग कायरोमा भएको भेटमा उनले यस्तो बताएका हुन्।

बैठक गाजाविरुद्ध इजरायल युद्धको पछिल्लो घटनाक्रममा केन्द्रित थियो। जहाँ अल-सिसीले इजिप्टको सम्बन्धित प्रयासहरूको समीक्षा गरेका थिए।

इजिप्टका राष्ट्रपतिले प्यालेस्टिनीहरूको अधिकार सुनिश्चित गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद् र संयुक्त राष्ट्र संघको महासभाको प्रश्तावलाई अन्तर्राष्ट्रिय समुदायले कार्यान्वयन गर्नुपर्ने आवश्यकतामा जोड दिए।

यसबाहेक, दुवै पक्षले प्यालेस्टाइन समस्याको एकमात्र समाधान दुई-राज्य समाधानमा आधारित व्यापक र न्यायपूर्ण शान्तिमा निहित रहेकोमा सहमति जनाएका छन्।

## चीनले गर्‍यो समुद्री उपग्रह प्रक्षेपण

**काठमाडौँ–** चीनले नयाँ पुस्ताको समुन्द्री उपग्रह प्रक्षेपण गरेको छ। चीनले नयाँ पुस्ताको महासागर रङ अनुगमन उपग्रह अन्तरिक्षमा पठाएको हो। जसले समुन्द्री पानीको सुधार गर्न मद्दत गर्दछ। यो विश्वको पहिलो उच्च परिशुद्धता महासागर रंग अवलोकन उपग्रह हो। जसले विश्वभरका विभिन्न जल निकायहरूलाई लक्षित गर्दछ।

यसले पानीको रंग, पानीको तापक्रम, समुन्द्री बरफ, निलम्बित पदार्थ र पानीको पारिस्थितिको बारेमा अनुसन्धान गर्नेछ। चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासनअन्तर्गत पृथ्वी अवलोकन र डाटा केन्द्रका उपप्रमुख इन्जिनियर मेङ लिङ्जीले उपग्रहले चीनको मुख्य समुन्द्री मार्गहरूको लागि रिमोट सेन्सिङ सेवाहरू प्रदान गर्ने बताए। साथै माछा पालन स्रोतहरूको उपयोग र समुन्द्री प्रदूषण अनुगमनलाई बढावा दिने उनले बताए।

# रमेश विकलको ९५ औँ जन्म जयन्ती सम्पन्न




**काठमाडौं–** यशस्वी साहित्यकार रमेश विकलको ९५ औं जन्मजयन्तीका अवसरमा रमेश विकल साहित्य प्रतिष्ठानद्वारा आयोजित एक विशेष कार्यक्रममा उनको कलाकारिता बारे चर्चा गरियो ।

प्रतिष्ठानका अध्यक्ष वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार रोचक घिमिरेको सभापतित्व तथा संघीय सांसद सन्तोष चालिसेको प्रमुख आतिथ्यमा प्रतिष्ठानकै आफ्नो भवन आरूबारीमा भएको सो कार्यक्रममा गोकर्णेश्वर नगरपालिका प्रमुख दीपककुमार रिसाल, प्रतिष्ठानका उपाध्यक्ष तथा वरिष्ठ कलाकार के.के.कर्माचार्य र अर्का वरिष्ठ कलाकार मुकेश मल्ल तथा प्राज्ञ हेमराज पौडेल, विराट साहित्य सङ्गमका अध्यक्ष रामबाबु दाहाल लगायत वरिष्ठ साहित्यकारहरू तथा अन्य साहित्यप्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सांसद सन्तोष चालिसेले आफ्नो क्षमताले भ्याएसम्म साहित्य र कलाको क्षेत्रमा सक्दो योगदान गर्न तयार रहेको बताए ।

प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरेले रमेश विकल एक सफल कलाकार समेत रहेको बताए ।

कार्यक्रममा वरिष्ठ कलाकारद्वय के.के.कर्माचार्य तथा मुकेश मल्लले साहित्यकार रमेश विकलको कलाकारिता बारेमा प्रकाश पारेका थिए ।

कार्यक्रममा नगरप्रमुख दीपककुमार रिसाल,रामबाबु दाहाल, वेदमणि घिमिरेले आफ्नो मन्तव्यमा रमेश विकलका बहु आयामिक व्यक्तित्वमाथि प्रकाश पारेका थिए ।

कार्यक्रममा कविहरू ओमप्रसाद कोइराला तथा मुकुन्द आचार्यले कविता पनि वाचन गरेका थिए ।प्रतिष्ठानका अर्का उपाध्यक्ष हेमराज पौडेलले स्वागत मन्तव्य राखेका थिए भने प्रतिष्ठानका महासचिव विजय चालिसेले धन्यवाद ज्ञापन गर्दै प्रतिष्ठानको अवस्था,समस्या र भावी कार्यक्रमका बारेमा प्रकाश पारेका थिए ।

# काठमाडौँमा वुमेन फिल्म फेस्टिभल आयोजना हुने




काठमाडौँमा इन्टरनेशनल वुमेन फिल्म फेस्टिभल आयोजना हुने भएको छ । आयोजक संस्था इन्टरनेशनल एसोसिएसन अफ वमन इन रेडियो एण्ड टेलिभिजन (आइर्वाट)को नेपाल शाखाले आइतबार काठमाडौँमा पत्रकार सम्मेलनको आयोजना गर्दै यही मङ्सिर ९ गते हुने फेस्टिभलबारे जानकारी गराएको छ ।

रेडियो तथा टेलिभिजनमा आबद्ध महिला पत्रकार हरूको छाता सङ्गठन आइवार्टले महिला फिल्मकरहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले फेस्टिभलको आयोजना गर्न लागेको आइवार्ट नेपाल च्याप्टरकी अध्यक्ष इच्छा गुरुङले जानकारी दिइन् । चाबहिलस्थित चलचित्र विकास बोर्डको हलमा आयोजना हुने सो फेस्टिभलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला फिल्मकर्मीहरूको सहभागिता रहनेछ । सोही दिन नेपाली शर्ट फिल्म प्रतियोगिताको समेत आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

नेपाली फिल्म क्षेत्रमा रहेका रचनात्मक र सृजनशील महिलाहरू विविध कारणले पछाडि परेको कारण उनीहरूलाई प्रोत्साहन गर्न फेस्टिभल आयोजना गर्न लागिएको फेस्टिभल निर्देशक सङ्गीता श्रेष्ठले जानकारी दिइन् । यस पटकको फेस्टिभल तेस्रो संस्करणको फेस्टिभल हो ।

# ४०० करोडभन्दा बढी 'टाइगर ३' फिल्मको व्यापार



**काठमाडौं–** भारतभित्रै विश्वकप क्रिकेटका कारण दबाबमा परेको 'टाइगर ३' ले दोस्रो सप्ताहन्तसम्म विश्वव्यापी ३६८ करोड भारु कमाएको छ । सोही अवधिमा भारतबाट २७० करोड भारु कमाउँदा विदेशबाट फिल्मले ९८ करोड भारु कमायो ।

पिंकभिल्लाले सलमान खान र कट्रिना कैफ स्टार र जासूस युनिभर्सको अन्तर्राष्ट्रिय कलेक्सन सोमबार सार्वजनिक गरेको छ । सूचीमा यो फिल्मले नेपालमा ५ करोड ३० लाख नेरु ९४ लाख अमेरिकी डलर हाराहारीमा कमाइ गरेको उल्लेख छ । उत्तर अमेरिकामा ४४ लाख २५ हजार डलर, अष्ट्रेलियामा ८ लाख डलर, मध्यपूर्वमा ३२ लाख, न्युजिल्याण्डमा २ लाख १० हजार, बेलायतमा १४ लाख डलर, युरोपमा ५ लाख ७५ हजार डलर कमाएको पिंकभिल्लाले जनाएको छ ।

विश्वभरको कमाइ सूची हेर्दा सलमान खानको निकै क्रेज मानिएको मध्यपूर्वमा यसपटक 'टाइगर ३' को कमाइ घटेको देखिएको छ । यशराज ब्यानरको पाँचौं जासूस ब्रह्माण्डको यो फिल्मले विश्वभर अतिरिक्त १५ मिलियन डलर कमाउन सक्ने प्रक्षेपण छ । नेपालमा भने फिल्मको कमाइमा सोमबारदेखि 'ड्रप' देखिएको छ । लक्ष्मीपूजाको दिनमा आइतबार रिलिज भएको यो फिल्मको कमाइमा भारतमा विश्वकप क्रिकेटको असर देखिएको विश्लेषण गरिएको छ ।

# हरि अभिनव प्रतिभा पुरस्कार अर्पण र अभिनवको २६१ औँ शृङ्खला सम्पन्न



**काठमाडौं–** मिति २०८० कार्तिक २५ गते अन्तिम शनिबार अभिनव साहित्य समाजले २६१ औ मासिक शृङ्खलाअन्तर्गत प्रा.डा. ऋषिराम पोखरेललाइ हरिप्रसाद घिमिरेको नाममा अभिनवद्वारा स्थापित ३०,००० । नगद दोसल्ला र सम्मान पत्र सहित 'हरि अभिनव विद्वत् प्रतिभा पुरस्कार' २०८० बाट अभिनन्दन गरिएको छ ।

साथै महाकवि लक्ष्मी प्रसाद देवकोटाको ११५ औँ जन्मजयन्तीको अवसरमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पणको कार्यक्रम र कवि गोष्ठी सम्पन्न भएको छ । प्रमुख अतिथि गोकर्णेश्वर न.पा.का प्रमुख दीपक कुमार रिसालले सो पुरस्कार अर्पण गरेका छन । सोही समारोहमा गोविन्द घिमिरे वेदमणिद्वारा लिखित नियात्रा अष्ट्रेलियादेखि यूरोपसम्म नामक पुस्तको लोकार्पण समेत भएको थियो ।

विशिष्ट अतिथिहरुमा विजय चालिसे, रामेश्वर फुयाल, वाग्लुंगका काजी रोशन, ठाकुर शर्मा, राम बाबुदाहाल र उत्तम सञ्जेल रहेको थिय । कार्यक्रमको सभापतित्व उपाध्यक्ष विमल अर्याल, उद्घोषण मेनका आचार्य र स्वागत मन्तव्य नवराज पुडासैनी ज्योत्स्नाले गरेका थिय ।

समाजका अध्यक्ष गोविन्द घिमिरे वेदमणिले धन्यवाद ज्ञापन र हरिप्रसाद घिमिरे, महाकवि देवकोटा र पुरस्कृत व्यक्तित्वको बारेमा धारणा राखेका थिय ।

उत्तम सञ्जेलले अभिनन्दित व्यक्तित्वका बारेमा प्रकाश पारेका थिय ।

कविता वाचन तथा द्यौसी भैलो गीत गाउनेहरुमा घनश्याम प्रसाई, दुर्गा अधिकारी, माधवलाल श्रेष्ठ, सुशील आचार्य, बाजुराम पौडेल, उद्धव रायमाझी, रुकु पराजुली, सुरेशचन्द्र घिमिरे, ठाकुर प्रसाद खतिवडा, शंकर भारती, कार्तिकेय घिमिरे, विश्वानाथ तामाङ, केशव प्रसाद पुडासैनी, गोमा पुडासैनी, धुव प्रसाद भण्डारी, कृष्णप्रसाद नेपाल, सरोज पहाडी, दिव्यलक्ष्मी पोखरेल, भक्त क्षेत्री, निर्मला भट्टराइ, बद्री प्रसाद सुवेदी, ओम कुमारी पोखरेल, भोलानाथ सुवेदी, रामचन्द्र दाहाल, ओम प्रसाद कोइराला, कविराज घिमिरे, रामेश्वर फुयाल, मीरा, कृष्णप्रसाद घिमिरे, दिपेन्द्र पुरुष ढकाल, रामहरि घिमिरे, केशव घिमिरे, करुणा, निर्मला ढकाल, कमला घिमिरे, सुरक्षा शर्मा, हरिप्रसाद खतिवडा, सविना फुयाल, राजन पुडासैनी, सरिता बराल, सरिता घिमिरे, दुर्गादेवी घिमिरे, मुना घिमिरे,आलोक प्रसाई, मुकुन्द घिमिरे, अमरनाथ घिमिरे, ऋषि घिमिरे, बालमुकुन्द कार्की, वसन्त रिजाल रामचन्द्र खतिवडा, नवराज घिमिरे, निर्मल घिमिरे, बरुण खतिवडा, साधना खतिवडा, तृष्णा श्रेष्ठ, श्रृजना श्रेष्ठ, ललिता दोषी, बुद्धि सागर पौड्याल र गोपाल पौड्यालसमेत ८१ जना रहेका थिय ।

# भारतीय कमेडियन कपिल शर्माले नयाँ शो ल्याउँदै




**काठमाडौं–** भारतीय कमेडियन कपिल शर्माले नयाँ शो ल्याउने भएका छन् ।

उनको नयाँ शो ओटिटी प्लेटफर्म नेटफ्लिक्समा प्रसारण हुनेछ । उनले नेटफ्लिक्समा एक भिडिओ सार्वजनिक गर्दै उक्त जानकारी दिएका हुन् । हालसम्म शोको नाम खुलासा गरिएको छैन । द कपिल शर्मा शो सोनी टिभीमार्फत प्रसारण भइरहेको थियो । कपिल र उनको टिमले शोमा आएका अतिथिलाई हँसाउदै आएका थिए । दर्शकले पनि शोलाई निकै मन पराइरहेका थिए । यसै वर्ष जुलाईमा द कपिल शर्मा शो को चौथो सिजन सकिएको थियो ।

नयाँ शोमा पुरानै कलाकार दोहोरिनेछन् । शोमा कपिलसँगै अर्चना पुरन सिंह, किकु शारदा, राजीव ठाकुर कृष्णा अभिषेक लगायत देखिँदैछन् । यो द कपिल शर्मा शो भन्दा फरक हुने बताइएको छ ।

# 'बलिदान'मा सौगात !



'प्रेमगीत' निर्माता सन्तोष सेनले सोलो निर्देशकको रुपमा डेब्यू गर्न लागेको फिल्म 'बलिदान'लाई लिएर धेरैमा चासो देखिएको छ । ६ करोड बजेट पूर्वअनुमान गरिएको फिल्ममा अभिनेता अर्पण थापा अनुबन्ध भैसकेका छन् भने अर्को मुख्य भूमिकामा अभिनेता सौगात मल्ल अनुबन्ध भएको जानकारी प्राप्त छ । शुक्रबार उनीसँग निर्माता सेनले कागजी सम्झौता गरिसकेको स्रोतको दाबी छ ।

फिल्ममा सौगातले मधेशी चरित्र निर्वाह गर्ने जनाइएको छ । लक्ष्मीपूजामा सार्वजनिक गरिएको टिजरमा डमीको रुपमा एक मधेशी पात्रलाई मसिहाको रुपमा प्रस्तुत गरिएको थियो । सोही पात्रमा सौगातले अभिनय गर्ने बुझिएको छ । 'बलिदान'मा अभिनेता प्रदीप खड्काको पनि अभिनय रहने चर्चा छ । यद्यपि, यसको पुष्टि भैसकेको छैन । उनी निर्माता सेनको घरभित्रका अभिनेता मानिन्छन् ।


आसुसेन फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मको निर्मातामा पवन ब्राडफोर्ड बिस्ट छन् भने कार्यकारी निर्मातामा चक्र बहादुर चन्द र प्रेम पुरी रहेका छन् । दर्शन जीको लेखन रहने फिल्मको 'स्क्रिप्ट डक्टर'मा मनोज पण्डित छन् । फिल्मको प्रदर्शन मिति आगामी वर्षको दशैंको फूलपातीलाई घोषणा गरिएको छ । फिल्मको आगामी पुषदेखि छायांकन सुरु गरिने जनाइएको छ ।

दोस्रो पटक 'बलिदान' शीर्षकमा फिल्म बन्न लागेको हो । वि.सं. २०५४ सालमा निर्देशक तुलसी घिमिरेले मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई मुख्य भूमिकामा लिएर 'बलिदान' बनाएका थिए । यो फिल्म युवाहरूको सपना र बलिदानको कथामा आधारित थियो । अब निर्देशक सेनले द्वन्द्वकालको समयमा मधेशमा घटेको एउटा भयानक घटनामा फिल्म निर्माण गर्न लागेको जानकारी प्राप्त छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १५, २०८० साल मंसिर ५ गते मंगलबार (Nov 21, 2023)

# टिकटक प्रतिबन्ध गर्दा झन् बढ्यो नेपाली प्रयोगकर्तामाथि साइबर सुरक्षाको जोखिम

**काठमाडौं–** सरकारले नेपालमा सर्वाधिक लोकप्रिय सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाएपछि नेपाली प्रयोगकर्ता झन् धेरै साइबर सुरक्षाको जोखिममा परेका छन् । टिकटक प्रतिबन्धमा परे पनि त्यसलाई प्रयोग गर्ने वैकल्पिक उपायको खोजीमा जथाभावी भीपीएन, प्रोक्सी तथा डीएनएस एप डाउनलोड गर्दा यस्तो खतरा उत्पन्न भएको हो ।




टिकटक प्रयोग गर्ने नेपाली प्रयोगकर्ताले यतिखेर अनेक उपाय खोजिरहेका छन् । जसको प्रतिफल स्वरूप नेपालमा निःशुल्क भीपीएन तथा प्रोक्सी एपको डाउनलोड तीव्र रूपमा बढिरहेको छ ।

गत कात्तिक २७ गतेको मन्त्रिपरिषद्को बैठकले टिकटक प्रयोगमा रोक लगाउने निर्णय गरेसँगै सरकारले इन्टरनेट र टेलिकम सेवाप्रदायकको नेटवर्कबाट टिकटक बन्द गराइरहेको छ। सामान्य तवरबाट अहिले अधिकांश सेवाप्रदायकको नेटवर्कमा टिकटक चल्न छोडिसकेको छ ।

यस्तो अवस्थामा टिकटक प्रयोगकर्ताले भने विभिन्न विकल्पमार्फत एप चलाउने गराएको पाइएको हो । हाल गुगल प्ले स्टोरमा नेपालबाट हाल तीव्र गतिमा डाउनलोड भइरहेका शीर्ष १०० एपको सूचीमा ३९ ओटा भीपीएन, प्रोक्सी तथा डीएनएस सम्बन्धी एप रहेका छन् ।

जुन एपको डाउनलोड ५० हजारदेखि १० करोडसम्म रहेको देखिन्छ । अहिले नेपालबाट सर्वाधिक डाउनलोड भइरहेका शीर्ष १० एपमा सात ओटा यस्ता एपहरू छन् ।

जसमा सुपर भीपीएन फास्ट भीपीएन क्लाइन्ट, थ्री एक्स भीपीएन, टर्बो भीपीएन, सेक्योर भीपीएन, भीपीएन इन्फो, १.१.१.१ प्लस डब्लूएआरपी  रहेका छन् ।

सरकारले साधारण तवरबाट टिकटक चलाउन नसकिने परिस्थिति निर्माण गर्दा यस्ता विकल्पको सहारा लिने प्रयोगकर्ता बढेका हुन् । जसले गर्दा उनीहरूमाथि साइबर सुरक्षाको जोखिम बढेको साइबर सुरक्षा जानकारहरू बताउँछन् ।

साइबर सुरक्षा विज्ञ तथा भैरव टेक्नोलोजीका सीईओ विजय लिम्बु सुरक्षित भीपीएनबारे ज्ञान नहुँदा जोखिम निम्तिने खतरा रहेको विश्लेषण गर्छन् ।

“सामान्यतः कुनै पनि फ्रि भन्ने चिजमा पक्कै पनि जोखिम वा भित्रि आशय जोडिएको हुन सक्छ,” लिम्बु भन्छन्, “तर, फ्रि भन्दैमा शतप्रतिशत असुरक्षित नै हुन्छ भन्ने पनि होइन । त्यो कत्तिको चलेको वा प्रख्यात कम्पनीले सञ्चालन गरिरहेको छ भन्ने पनि हुन्छ ।”

कतिपय अवस्थामा भीपीएन प्रदायक नै ह्याक भएका घटना बाहिर आएको चर्चा गर्दै उनले अगाडि भने, “भीपीएन प्रदायकले हाम्रा सबै जानकारी भण्डारण गरेका हुन्छन् । कसरी प्रयोग गरेका छौं, कुन लोकेसन राखेका छौं, केके खोलेका छौं सबै भण्डारण हुन्छ । त्यस्तो लग भीपीएन प्रदायकले सुरक्षित नराख्दा हाम्रो डेटा बाहिर जाने, अनधिकारिक रूपमा थर्ड पार्टीलाई उपलब्ध गराउने जोखिम रहन्छ ।”

यसरी फ्रि भीपीएन प्रयोग गर्दा हामीले चलाएको डेटा अन्य उनीहरूले कम्पनीसँग शेयर गर्नसक्ने जोखिम उत्तिकै भएको उनको भनाई छ । “फ्रि भन्दैमा सबै कुरा फ्रि हुँदैन । यसको नाममा कतिपय व्यक्तिले मालवेयर फैलाउन भीपीएन एपहरू राखेका हुन्छन् । त्यसले गर्दा भीपीएन प्रयोग गर्न पाए पनि त्यसले आन्तरिक रूपमा मालवेयरको काम गरिरहेको हुन सक्छ । त्यस्ता मालवेयर मोबाइल तथा कम्प्युटरमा इन्स्टल हुँदा ह्याक हुने जोखिम हुन्छ,” उनले थपे ।

भरसक निःशुल्क उपलब्ध भीपीएन प्रयोग नगर्न लिम्बुको सुझाव छ । उनले भने, “फ्रिमा जहिले पनि जोखिम हुन्छ । त्यसलै खरिद गरेर चलाउनु पर्छ । तर, खरिद गर्दा पनि उक्त भीपीएन प्रदायक कस्तो कम्पनी हो ? त्यसभन्दा पहिले डेटा चोरी वा दुरुपयोग भएका घटना बाहिरिएका छन् कि छैनन् भन्ने कुरा पनि ख्याल राख्नुपर्छ ।”

भीपीएन सबै क्षेत्रमा प्रयोग हुने प्रविधि हो । विशेषगरी वित्तीय तथा साइबर सुरक्षा कम्पनीमा यसको प्रयोग बढी हुन्छ । तर, त्यस्ता भीपीएन सम्बन्धित कम्पनीको निजी हुन्छन् । लिम्बुले अगाडि थपे, “आफ्नै भीपीएन प्रयोग गर्दा केही भएन, तर सार्वजनिक रूपमा उपलब्ध भीपीएन प्रयोग गर्दा डेटा दुरुपयोग हुने जोखिम रहन्छ ।”

त्यसो त टिकटक चलाउन अन्य विकल्प प्रयोग हुन थालेपछि नियामक नेपाल दूरसञ्चार प्राधिकरणले निःशुल्क भीपीएन र ओपन डीएनएसलाई समेत ब्लक गर्न मोबाइल तथा इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइसकेको छ । यसअनुसार नियामकले उपलब्ध गराएका आईपी एड्रेसका आधारमा निःशुल्क भीपीएन ब्लक गरिने बताइएको छ । त्यस्तै प्राधिकरणको निर्देशन कार्यान्वयन गर्दै ओपन डीएनएसलाई समेत ब्लक गरी टिकटकमाथिको पहुँच ठप्प पार्ने दिशामा सेवा प्रदायकले काम गरिरहेका छन् ।

इन्टरनेटको पहुँचलाई सुरक्षित बनाउन भीपीएन प्रयोग गरिने भएपनि निःशुल्क भीपीएनको जथाभावी प्रयोग जोखिमपूर्ण हुने प्राधिकरणको भनाई छ । एक सूचना जारी गर्दै प्राधिकरणले  फ्रि भीपीएन प्रदायकहरूले प्रयोगकर्तासँग सम्बन्धित तथ्याङ्क संग्रह गर्ने, तेस्रो पक्षलाई त्यस्ता तथ्याङ्क बिक्री/वितरण गर्नसक्ने, प्रयोगकर्ताका सबै अनलाइन गतिविधिहरू अनधिकृत रूपमा निगरानी हुन सक्ने जोखिम समेत औंल्याएको छ ।

के सबै भीपीएन ब्लक गर्न सम्भव छ ?

साइबर सुरक्षा जानकार लिम्बुको विचारमा निःशुल्क उपलब्ध भीपीएन पूर्ण रूपमा ब्लक गर्न सम्भव छैन । “नेपाल सरकारसँग एकमुस्ट अथवा केन्द्रीकृत तवरमा ब्लक गर्ने संयन्त्र छैन,” साइबर सुरक्षा जानकार लिम्बु अगाडि भन्छन्, “यसका लागि सरकार इन्टरनेट र मोबाइल सेवा प्रदायकसँग निर्भर हुनुपर्छ । यस्तो हुँदा ठूला इन्टरनेट सेवा प्रदायक तथा टेलिकम सेवा प्रदायकले ब्लक गर्लान् । तर, कतिपय स-साना इन्टरनेट सेवा प्रदायक छन् । डोमेन ब्लक तथा कन्टेन्ट फिल्टरिङका लागि त्यस्ता कम्पनीसँग पर्याप्त पूर्वाधार छैन ।”

आईएसपी तथा दूरसञ्चार कम्पनीको मुख्य काम इन्टरनेट ब्लक गर्ने नभई इन्टरनेट उपलब्ध गराउनु हो । उनीहरूसँग त्यही किसिमको पूर्वाधार हुन्छ । कन्टेन्ट फिल्टरिङ गर्ने, डोमेन ब्लक गर्ने प्रविधि खरिद गर्नका लागि ५० लाखदेखि एक करोड रुपैयाँसम्मको खर्च लाग्ने बताइन्छ । जो कम्पनीले मासिक चार पाँच लाख आम्दानी गरेका छन्, उनीहरूका लागि यसरी ब्लक गर्नु सम्भव नहुन सक्छ ।

यसका लागि सरकार र नेपाल दूरसञ्चार प्राधिकरणले पूर्वाधार विकास गरेर आफैं ब्लक गरे मात्र भनेअनुसार प्रभावकारी रूपमा साइट ब्लक तथा कन्टेन्ट फिल्टरिङ हुनसक्छ ।

# पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न मिल्छ कि मिल्दैन? भारतमा यस्तो छ मापदण्ड

काठमाडौं- पछिल्लो समय इन्धनबाट चल्ने गाडीको तुलनामा विद्युतीय गाडी (इभी) को आयात बढेपछि पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न मिल्ने/नमिल्नेबारे बहस सुरु भएको छ ।

हाल सञ्चालनमा रहेका चार्जिङ स्टेसन अपर्याप्त भइ इभी चार्जका लागि राजमार्गहरुमा घण्टौंसम्म लाइन लाग्नुपर्ने स्थितिका कारण पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्ने विषयमा बहस सुरु भएको हो । दसैंको समयमा राजमार्गमा इभी चार्जका लागि चार घण्टासम्म लाइन लाग्नुपरेको भिडियो भाइरल भएको थियो ।

व्यापारीले १० हजारभन्दा बढी इभी भित्र्याएकोमा चार्जिङ स्टेसन भने डेढ सय पनि छैनन् । नेपाल विद्युत प्राधिकरणले ५१ वटा चार्जिङ स्टेसन बनाएकोमा ८१ वटा निजी कम्पनीले सञ्चालनमा ल्याएका हुन् । तर निजी कम्पनीका चार्जिङ स्टेसनमा आफ्नो बाहेकका ब्राण्डको इभीलाई चार्ज गर्न नदिने समस्या छ ।

चार्जिङ स्टेसन अपर्याप्त भएकै निष्कर्षमा प्राधिकरणले थप ५०० वटा स्टेसन बनाउने योजना अगाडि सारेको छ । इन्धनबाट चल्ने सवारीसाधनको साटो इभीमा आकर्षण बढेपछि अहिले पेट्रोल पम्पमै चार्जिङ स्टेसन राख्न दिनुपर्ने आवाज उठ्न थालेको छ ।

पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न मिल्छ त? जानकारहरुका अनुसार पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न सकिन्छ । तर चार्जिङ स्टेसन राख्ने विषयमा कानुनमा कहिं कतै केही उल्लेख नभएकाले निजी क्षेत्र हतारिएको छैन ।

पेट्रोल पम्प खोल्नका लागि नेपाल आयल निगमको अनुमति चाहिन्छ । सडक विभागले स्वीकृति दिएपछि निगमले सर्वे लगायत काम गर्छ । निगमले यस सम्बन्धमा विनियमावली बनाएको छ । तर चार्जिङ स्टेसन सरकारको कुन निकाय मातहत हुने अर्थात कसले नियमन गर्ने भन्ने विषयमा कानुनमा स्पष्ट पारिएको छैन ।

‘पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न सकिन्छ । प्राविधिकरुपमा कुनै समस् या छैन । गाडीका लागि स्पेस भने चाहिन्छ । काठमाडौं उपत्यकाका केही र बाहिरका सबैजसो पम्प चार्जिङ स्टेसन राख्न मिल्ने खालकै छन्,’ निगमका उपनिर्देशक मनोजकुमार ठाकुरले भने, ‘त्यो भन्दा पनि नियमन कसले गर्ने भन्ने कुरा कानुनमा स्पष्ट खुलाइनुपर्छ ।’

चार्जिङ स्टेसन निर्माणबारे अहिलेसम्म मापदण्ड बनाइएको छैन । मापदण्ड र नियामक निकाय नतोक्दा समस्या निम्तिन्छ । कुनै दुर्घटना भए दोषीलाई कसले कारबाहीको दायरामा ल्याउने भन्ने अन्योल हुन्छ ।

‘पेट्रोलियम पदार्थ कारोबार हुने ठाउँमा एयररिच भेपर जतिखेर पनि हुन्छ । यसले गर्दा सर्ट सर्किट हुने अवस्था सिर्जना हुन सक्छ । त्यसैले सुरक्षा मापदण्ड आवश्यक पर्छ,’ ठाकुरले भने, ‘एसी चार्जर राख्न कुनै समस्या छैन । तर फाष्ट चार्जिङ स्टेसन राख्न यस्ता कुराले धेरै म्याटर गर्छ । त्यसैले सर्टिफाइड गर्ने निकाय आवश्यक छ ।’

त्यसो त काठमाडौंमा सशस्त्र प्रहरी बल र पोखरामा कालिका पेट्रोल पम्पमा चार्जिङ स्टेसन सञ्चालनमै छन् । नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघका अध्यक्ष मनोज दास पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न आफूहरु तयार रहेको बताउँछन् ।

‘हामी पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न तयार छौं । राजमार्गका सबैजसो पम्पमा पर्याप्त स्पेस पनि छ,’ उनले भने, ‘हामी मात्र तयार भएर भएन सरकारले पहिला मापदण्ड बनाउनुपर्‍यो । नियमन कसले गर्ने हो त्यो स्पष्ट हुनुपर्‍यो ।’

प्राधिकरणका विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजना प्रमुख सागरमणि ज्ञवाली पेट्रोल पम्पमा चार्जिङ स्टेसन राख्न कुनै समस्या देख्दैनन् । ‘अहिलेको अवस्थामा पेट्रोल पम्पमा मज्जाले चार्जिङ स्टेसन राख्न मिल्छ । तर नोजलबाट २० मिटरको दूरी चाहिन्छ,’ उनले भने, ‘चार्जिङ स्टेसन बनाउने काम निजी क्षेत्रकै हो, प्राधिकरणको होइन । हामीले त अरुले चासो नदिएका कारण बाध्य भएर मात्र बनाएका हौं । हामीले सिफारिस गरेपछि पेट्रोल पम्पमा पनि चार्जिङ स्टेसन राख्न मिल्छ । त्यसमा निगमको पनि स्वीकृति चाहिन्छ ।’

चार्जिङ स्टेसन राख्न प्राधिकरणले ट्रान्सफर्मर र मिटर उपलब्ध गराउँदै आएको छ । प्राधिकरणले ट्रान्सफर्मर र मिटर निःशुल्क उपलब्ध गराउँदा चार्जिङ स्टेसन बनाउन १३ देखि १५ लाख रुपैयाँ खर्च हुन्छ । ३० किलोवाटभन्दा माथिका चार्जिङ स्टेसन निर्माण गर्न भने ३० देखि ४० लाख खर्च हुन्छ जसमा डबल गन हुन्छ ।

टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले बनेपा र विराटनगरमा पेट्रोल पम्पमै चार्जिङ स्टेसन राख्ने योजना बनाएको छ ।

‘धेरै पेट्रोल पम्पले चार्जिङ स्टेसन निर्माणको माग गरिरहेका छन्,’ कम्पनीका इन्जिनियर इन्जिनियर दिग्विजय आचार्यले भने, ‘हामी बनेपा र विराटनगरमा पेट्रोल पम्पमा नै चार्जिङ स्टेसन राख्ने तयारीमा छौं ।’

चार्जिङ स्टेसनमा ४५० भोल्टको विद्युत हुन्छ । यस्तै पम्पमा हुने डिजेल र पेट्रोल ज्वलनशील पदार्थ हुन् । आगलागीको जोखिम हुने भएकाले सुरक्षा सतर्कता पर्याप्त चाहिन्छ ।

## भारतमा मापदण्ड

भारतले पेट्रोल पम्पमा चार्जिङ स्टेसन अनिवार्य गरेको छ । त्यसका लागि उसले मापदण्ड बनाएको छ । जसअनुसार पेट्रोल पम्पमा चार्जिङ स्टेसन निर्माण गर्न ६ देखि २० मिटर दूरी कायम गर्नुपर्ने मापदण्ड छ । साथै चार्जिङ स्टेसन अन्डर ग्राउन्ड ट्यांक फिलिङ पोइन्टबाट ३ मिटर र ट्यांकको भेन्टबाट ४ मिटर टाढा हुनु पर्नेछ ।

यस्तै, स्टेसन क्षेत्रमा ‘सेफ्टी साइन’ अनिवार्य गरिएको छ । केबलिङ र वाइरिङका लागि पनि मापदण्ड तोकिएको छ । आगो निभाउन फायर ब्रेकर बक्स राख्नुपर्नेछ । तालिमप्राप्त कामदार चाहिने पनि मापदण्ड छ ।

इन्डियन आयल कर्पोरेसन, भारत पेट्रोलियम कर्पोरेसन र हिन्दुस्तान पेट्रोलियम कर्पोरेसनले करिब ३ हजार पम्पमा चार्जिङ स्टेसन निर्माण गर्ने योजना सार्वजनिक गरेका छन् । भारत पेट्रोलियमले केही पम्पमा चार्जिङ स्टेसन राखिसकेको छ ।

भूकम्पको जोखिमबाट सुरक्षित बनौं
- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस